# जनमत पार्टीद्वारा २०८० माघ २१ गते छलफलका लागि प्रस्तुत राजनैतिक प्रस्ताव


I. आखिर आम नेपाली जनताले खोजेको के हो ? ............ 3

(क) नेपालको संविधान २०७२ अनुसार: (पढन अल्छि लागे सीधै 'घ' मा जाँदा हुन्छ) ............ 3

(ख) दीगो विकास लक्ष्यहरू अनुसार: ............ 4

(ग) राष्ट्रिय योजना आयोगको दीर्घकालीन् सोच अनुसार: ............ 4

(घ) आमजनताको चाहना अनुसार ............ 6

II. देशको वर्तमान अवस्था ............ 7

(१) पन्ध्रौं योजनाको असफलता ............ 7

(२) नेपालमा बेरोजगारी ............ 8

(३) विदेश पलायनको अवस्था: ............ 9

(४) शिक्षा क्षेत्र ध्वस्त ............ 9

(५) स्वास्थ्य क्षेत्रको वेथिति ............ 10

(६) भ्रष्टाचारको श्रृंखला ............ 11

(७) व्यापारीहरूले आत्महत्या ............ 12

(८) लोकतन्त्रमाथि खतरा: ............ 12

(९) राज्यका अंगहरू पूर्णत: असफल ............ 12

(१०) अर्थतन्त्र तथा आयार-निर्यातको अवस्था ............ 13

III. आखिर नेपालको विकास किन भएन ? ............ 14

१. राजनैतिक संरक्षणमा बेथिति ............ 14

२. भूराजनैतिक परिवेश ............ 14

३. नेतृत्वमा दूरदृष्टि र प्रतिबद्धताको कमी ............ 14

४. अस्थिर सत्ता ............ 15

५. भ्रष्टाचार संस्थागत ............ 15

IV. नेपालमा आर्थिक गरीबी कि दर्शनको गरीबी ? ............ 15

1) हामीकहाँ पूँजीको आकांक्षा गर्ने, अनि पूँजीवादको विरोध गर्ने व्यवस्था छ। ............ 24

2) समाजवादी र साम्यवादी दर्शन नेपालको विकासका वाधक हुन् किनकि समाजवाद भाग्यवादी छ ............ 25

3) समाजवादी दर्शनले धर्म र पहिचान स्वीकार गर्दैन ............ 27

4) समाजवादी दर्शनले हिंसा र तानाशाही प्रोत्साहन गर्दछ ..... 27
5) समाजवादमा कुनै उत्प्रेरणा शक्ति हुँदैन ..... 29
6) श्रम असान्दर्भिक हुँदैछ, अतिरिक्तमूल्यको सिद्धान्तको सान्दर्भिकता रहेन, ..... 30
7) समाजवाद लोकरिँझ्याई हो ..... 31
8) राज्यले जे मा हात हाल्छ, त्यहीं असफल हुन्छ ..... 31
9) लोकतान्त्रिक समाजवाद भ्रम हो ..... 32
10) पूँजीवादी क्रान्तिपछि मात्रै समाजवाद सम्भव छ ..... 33
V. केही स्पष्टोक्तिहरू ..... 35
(१) मिशन ८४ समाधान होइन, वर्तमान व्यवस्थामा सुधार नल्याई सम्भव छैन ..... 35
(२) नयाँ पात्रबाट यही व्यवस्थाबाट सुधार हुँदैन नै, न त पुराना पार्टीका नयाँ पात्रहरूबाट नै केही सम्भव छ ..... 35
(३) देशमा उकुसउकुमस छ तर आन्दोलनहरू किन सफल भइराखेका छैनन् ..... 36
VI. देश विकास आन्दोलनका मागहरू के के हुन सक्छन् ? ..... 38
VII. आन्दोलनको मोडालिटी ..... 39
अनुसूची – १: शान्तिपूर्ण सामाजिक आन्दोलनका विषयमा केही कुराहरू:- ..... 41

## देशको आगामी राजनैतिक कार्यदिशाको विषयमा जनमत पार्टीद्वारा २०८० माघ २१ गते छलफलका लागि प्रस्तुत राजनैतिक प्रस्ताव

## आखिर नेपालको विकास किन भएन?
## 'रिभर्स इन्जिनियरिङ्ग' दृष्टिकोण तथा 'नौलो गणतन्त्र र सामाजिक लोकतन्त्र'को लडाइँ

नेपालको संसदीय निर्वाचनमा जनमत पार्टीले भाग लिएको एक वर्ष पूरा गरेको छ। आम निर्वाचनमा पहिलो पटक भाग लिएको जनमत पार्टी जनताबाट करीब ४ लाख मतपाएर प्रतिनिधि सभामा ६ वटा सीट सहित राष्ट्रिय पार्टी बन्न सफल भएको थियो। निर्वाचित भए पश्चात्को यस एक वर्षको बीचमा जनमत पार्टीसँग गठबन्धनको निर्माण, सरकारको निर्माण तथा सञ्चालन, संसद्मा उपस्थिति, राज्य संयन्त्रहरूको कामकारबाही र त्यसका बीच रहेको जनताको चरम अपेक्षा र निराशा बीचको अन्तरद्वन्द्वको अनुभव रह्यो। त्यही अनुभवको आधारमा २०८० माघमा जनमत पार्टीको केन्द्रीय सचिवालयको बैठकमा यो राजनैतिक प्रस्ताव छलफलका लागि प्रस्तुत गरिएको हो।

### I. आखिर आम नेपाली जनताले खोजेको के हो ?

**(क) नेपालको संविधान २०७२ अनुसार: (पढन अल्छि लागे सीधै 'घ' मा जाँदा हुन्छ)**

सार्वभौमसत्तासम्पन्न नेपाली जनताले एउटा नागरिकको हैसियतले के कुरा चाहेका छन् नेपालको वर्तमान संविधान २०७२ मा पनि हेर्नु पर्ने हुन्छ। नेपालको संविधान २०७२ को प्रस्तावना अनुसार नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्ने; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने; जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य लिएको छ।

त्यस्तै नेपालको संविधानको भाग-३ मा ३० वटा मौलिक हक राज्यले सुनिश्चित् गर्ने प्रतिबद्धता लिएको छ: (१६) सम्मानपुर्वक बाच्न पाउने हक (१७) स्वतन्त्रताको हक, (१८) समानताको हक, (१९) सञ्चारको हक, (२०) न्याय सम्बन्धी हक, (२१) अपराध पीडितको हक, (२२) यातना विरूद्धको हक, (२३) निवारक नजरबन्द विरूद्धको हक, (२४) छुवाछुत र भेदभाव विरूद्धको हक, (२५) सम्पत्तिको हक, (२६) धार्मिक स्वतन्त्राको हक, (२७) सूचनाको हक, (२८) गोपनीयताको हक, (२९) शोषण विरूद्धको हक, (३०) स्वच्छ वातावरणको हक, (३१) शिक्षा सम्बन्धी हक, (३२) भाषा र संस्कृतिको हक, (३३) रोजगारको हक, (३४) श्रमको हक, (३५) स्वास्थ्य सम्बन्धी हक, (३६) खाद्य सम्बन्धी हक, (३७) आवासको हक, (३८) महिलाको हक, (३९) बालबालिकाको हक (४०) दलितको हक, (४१) ज्येष्ठ नागरिकको हक, (४२ )सामाजिक न्यायको हक, (४३) सामाजिक सुरक्षाको हक, (४४) उपभोक्ताको हक, (४५) देश निकाला विरुद्धको हक, (४६) संबैधानिक उपचारको हक को व्यवस्था गरेको छ।

त्यस्तै धारा ४७ मा मौलिक हकको कार्यान्वयन र धारा ४८ मा नागरिकका कर्तव्यको उल्लेख गरिएको छ भने भाग–४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको उल्लेख गरिएको छ।

(ख) दीगो विकास लक्ष्यहरू अनुसार:

विश्वका संयुक्त राष्ट्र संघका सदस्य १९३ राष्ट्रहरुले सेप्टेम्बर २५, २०१५ का दिन देखि २०३० सम्म मा पुरा गर्नका सामाजिक, आर्थिक र वातावरणीय आयाममा सन्तुलित रूपमा विभिन्न १७ वटा लक्ष्यहरुलाई आत्मसात गरेका छन् जसलाई दीगो विकासका लक्ष्य भनिएको छ। त्यसमा १. गरिबीको अन्त्य २. शून्य भोकमरी ३. आरोग्यता तथा कल्याण (सर्बसुलभ गुणस्तरीय स्वास्थ्यसेवा आदि) ४. गुणस्तरीय शिक्षा ५. लैङ्गिक समानता ६. सफा पानी तथा सरसफाइ ७. खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा ८. मर्यादित काम तथा आर्थिक वृद्धि ९. उद्योग, नवीन खोज र पूर्वाधार १०. न्यून असमानता ११. दिगो सहर र समुदायहरू १२. जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन १३. जलवायु परिवर्तन तथा यसका प्रभावहरूविरुद्ध लड्न तत्काल कारबाही थाल्ने १४. समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग १५. जमिनमाथिको जीवन (वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने) १६. न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवद्र्धन गर्ने १७. दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने लक्ष्य समावेश रहेको छ।

**(ग) राष्ट्रिय योजना आयोगको दीर्घकालीन् सोच अनुसार:**

त्यसैगरी राष्ट्रिय योजना आयोगको पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) ले वि.स. को दीर्घकालीन् सोच २१०० अन्तर्गत 'समृद्ध नेपाल, सुखी नेपाली' अन्तर्गत समृद्धिमा सर्वसुलभ (१.१) आधुनिक पूर्वाधार एवम् सधन अन्तरआबद्धता, (१.२) मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, (१.३) उच्च र दिगो उत्पादन तथा उत्पादकत्व, (१.४) उच्च र समतामूलक राष्ट्रिय आयको लक्ष्य लिएको छ भने सुख तर्फ (२.१) परिष्कृत तथा मर्यादित जीवन, (२.२) सुरक्षित,सभ्य र न्यायपूर्ण समाज, (२.३) स्वस्थ र सन्तुलित पर्यावरण, (२.५) सुशासन, (२.६) सबल लोकतन्त्र, (२.७) राष्ट्रिय एकता, सुरक्षा र सम्मान को लक्ष्य लिएको छ। त्यस्तै दीर्घकालीन् सोचको परिमाणात्मक ३० वटा सूचक लक्ष्यहरू उसले राखेको छ।

*तालिका २.१ दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू*

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | १०.५ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |
| ४. | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | १,०४७ | १२,१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी)[१] | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या[२] | प्रतिशत | २८.६ | ३ |
| ८. | सम्पत्तिमा आधारित जिनी गुणक[३] | गुणक | ०.३१ | ०.२५ |
| ९. | आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio)[१] | अनुपात | १.३ | १.१ |
| १०. | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १२. | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १,२५० | ४०,००० |
| १३. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | १०० |
| १४. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | २४५ | ३,५०० |
| १५. | ३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार[१] | प्रतिशत | ८२ | ९९ |
| १६. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (२ लेनसम्म)* | कि.मि. | ७,७९४ | ३३,००० |
| १७. | राष्ट्रिय लोकमार्ग (२ लेन माथि, द्रुतमार्ग समेत) | कि.मि. | ९६ | ३,००० |

*स्रोत: १. नेपाल जीवनस्तर सर्वेक्षण; २. बहुआयामिक गरिबीको प्रतिवेदन, २०१८; ३. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६।*

*पुनश्चः * कालोपत्रे भएको सडक मात्र।*

*तालिका २.१ (क्रमश:)*

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १८. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| १९. | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५.९ | १०० |
| २०. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २१. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २२. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | ३९ | ८ |
| २३. | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका[३] | प्रतिशत | २७ | २ |
| २४. | साक्षरता दर (१५ वर्ष माथि)[४] | प्रतिशत | ५८ | ९९ |
| २५. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ९५ |
| २६. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १२ | ४० |
| २७. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २१ | ९५ |
| २८. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | १०० |
| २९. | लैङ्गिक विकास सूचकाङ्क[५] | सूचकाङ्क | ०.८९७ | ०.९९ |
| ३०. | मानव विकास सूचकाङ्क[५] | सूचकाङ्क | ०.५७९ | ०.७६० |

*स्रोत: १. नेपाल जीवनस्तर सर्वेक्षण; ३. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६; ४. राष्ट्रिय जनगणना, २०६८; ५. मानव विकास प्रतिवेदन, २०१९।*

*पुनश्च: (i) दीर्घकालीन सोचका उल्लिखित लक्ष्य निर्धारण गर्दा २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशको विकासको अनुभवका आधारमा गरिएको छ।*

*(ii) शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्था बुझाउँछ।*

*(iii) आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लिखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिनेछ।*

राष्ट्रिय योजना आयोग

## (घ) आमजनताको चाहना अनुसार

नेपालको संविधान, राष्ट्रिय योजना आयोगको दीर्घकालीन् सोच र पञ्चवर्षीय योजना, संयुक्त राष्ट्रसंघको दीगो विकास लक्ष्यहरू जस्ता वृहत् समष्टिगत अवधारणा त छँदैछ, तर आम नागरिकसँग सडकमा वा गाउँगाउँ घरघर गएर सोधियो भन्ने उनीहरूले प्राय: के चाहियो भन्छन् त, त्यसमाथि समेत विचार गर्नु पर्ने देखिन्छ।

1) **शिक्षा:** सबै विद्यार्थीहरू विद्यालय जान पाऊन्। सबैजना साक्षर होऊन्। पढाई गुणस्तरीय होस्। पढेपछि काम लागोस्। पढेर आफ्नो घरपरिवार धान्न सक्ने बनून। रोजगारी पाऊन्। उच्चस्तरका शोधकार्यहरू होउन्। उच्चशिक्षामा विश्वस्तरको गुणस्तरीयता आओस्। देशका विद्यार्थीहरू स्वदेशमै उच्च शिक्षा हासिल गर्न पाऊन्। विदेशी विद्यार्थीहरू पनि पढ्न नेपाल आऊन्।
2) **स्वास्थ्य**: हामीले स्वदेशमै उपचार गराउन पाऔं। राम्रोभन्दा राम्रो अस्पताल नेपालमै होस्। स्वास्थ्य सेवा गुणस्तरीय होस्। हामी नजिकै स्वास्थ्य सेवा होस्। धान्न सक्ने स्वास्थ्य सेवा होस्। कोही पनि स्वास्थ्य सेवाबाट बञ्चित हुनु नपरोस्।
3) **रोजगारी र आर्थिक उन्नति**: उमेर पुगेका कोही पनि रोजगारीबाट बञ्चित् नहोस्। वैदेशिक रोजगारीमा कसैलाई जानु नपरोस्। नेपालमै युवाहरू बस्न पाऊन्, घरपरिवारसँगै बाँच्न पाऊन्।

सीप र दक्षताको सदुपयोग होस्। हामीलाई काम गर्ने अवसर मिलोस्। देशको अर्थतन्त्र बलियो बनोस्। चारैतिर उद्यो कलकारखानाहरू खुलुन्। चारैतिर रोजगारी सिर्जना होस्।

4) **सामाजिक सुरक्षा र सामाजिक न्याय**: नागरिक आफैंले नसक्ने अवस्थामा गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी सहित मौलिक हकको सुनिश्चतता राज्यले गरिदेओस्।
5) **पहिचान, सम्मान र समानता:** सबैले यो देशमा सम्मानपूर्वक बाँच्न पाऊन्। आ-आफ्नो इतिहास, धर्म, भाषा, संस्कृति, पहिचानमाथि गौरव गर्दै र संरक्षण गर्दै बाँच्न पाऊन्। कसैमाथि कुनै किसिमको विभेद, दमन, शोषण नहोस् र सबैलाई समान अवसर मिलोस्। महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू, अल्पसंख्यकसहित सबै सीमान्तकृतवर्गलाई समान अवसर र स्थान मिलोस्।
6) **सेवाप्रवाह र सुशासन**: सरकारी काम छिटोछरितो होस्, कतै पनि भ्रष्टाचार न होस्, कतै पनि अनावश्यक रूपमा घुमाउने, दु:ख दिने र सताउने काम नहोस्।

यसमध्ये **रोजगारी र आर्थिक समृद्धि प्रधान** हो किनभने त्यो भए पछि राम्रो शिक्षासम्म पनि पहुँच हुन्छ, गुणस्तरीय  स्वास्थ्य सेवासम्म पनि पहुँच हुनेछ, राज्यबाट सामाजिक सुरक्षाको पनि आवश्यकता कम हुन्छ, र धेरै हदसम्म सम्मान र न्यायको कुराको पनि सम्बोधन हुन्छ।

यसका अलावा हामीले आम जनताबाट सुन्ने गरेको कुरामा अमेरिकाजस्तै विकसित, जापान जस्तै विकसित, सिंगापुरजस्तै विकसित, दुबई-कतार जस्तै विकसित भइदिए हुने जस्तो जनअपेक्षा पनि देखिन्छ।

## II. देशको वर्तमान अवस्था

### (१) पन्ध्रौं योजनाको असफलता

पन्ध्रौं योजनाले खोजेका उपलब्धिहरूको अवस्था तलको तालिकामा दिइएको छ, जसमा सुशासन (विधीको शासन र भ्रष्टाचार न्यूनीकरण) मा राज्य पूर्णत: असफल देखिएका छ भने उच्च र समतामूलक आय (कृषि, उद्योग, ऊर्जा र पर्यटन)  र उच्च र दीगो उत्पादन तथा उत्पादकत्व (कृषि, श्रम, औद्योगिक उत्पादन, विद्युत उत्पादन, पर्यटन प्रबर्द्धन) को क्षेत्रमा आंशिकमात्र सफल देखिएको छ।

## ■ पन्ध्रौं योजनाका प्रमुख नतिजा क्षेत्रको अवस्था

| प्रमुख नतिजा क्षेत्र | प्रगति संकेत | आधार |
|---|---|---|
| उच्च र समतामूलक आय | पहेलो | कृषि, उद्योग, ऊर्जा र पर्यटन |
| मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | हरियो | शिक्षा, स्वास्थ्य, श्रम, रोजगार र सामाजिक समावेशिता |
| सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता | हरियो | सडक यातायात तथा सञ्चार पूर्वाधार |
| उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | पहेँलो | कृषि उत्पादकत्व, श्रम उत्पादकत्व, औद्योगिक उत्पादन, विद्युत् उत्पादन, पर्यटन प्रवर्द्धन |
| परिष्कृत तथा मर्यादित जीवन | हरियो | मानव विकास, गरिबी, स्वास्थ्य तथा खानेपानी, सेवा, सुरक्षित आवास |
| सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | पहेँलो | लैंगिक विकास, सामाजिक सुरक्षा |
| स्वास्थ्य र सन्तुलित पर्यावरण | हरियो | नवीकरणीय ऊर्जा, वायु प्रदूषण |
| सुशासन | रातो | विधिको शासन, भ्रष्टाचार न्यूनीकरण |
| सबल लोकतन्त्र | पहेँलो | न्याय, समावेशी सहभागिता र संघीयता कार्यान्वयन |
| राष्ट्रिय एकता, सुरक्षा र सम्मान | पहेँलो | राजनीतिक स्थायित्व, हिंसाको अन्त्य, विपद्, आत्महत्या दर, द्विपक्षीय कूटनीति, वैदेशिक मामिला |

- **हरियो** : लक्ष्य प्राप्त गरेको (७५ प्रतिशत सूचकका लक्ष्य पूरा भएको)
- **पहेँलो** : लक्ष्यउन्मुख रहेको (५० प्रतिशत सूचकका लक्ष्य पूरा भएको)
- **रातो** : लक्ष्य प्राप्त गर्न कठिन (५० प्रतिशत सूचकहरूको लक्ष्य प्राप्त गर्न कठिन)

देशको आर्थिक वृद्धिदर २.२ मा सिमित हुन पुगेको छ। कुल ग्राहस्थ उत्पादनमा उद्वोग क्षेत्रको योगदान झन् घट्दै १२.०% मा पुगेको छ, प्रतिव्यक्ति आय १४१० डलरमा सिमित भएको छ। कुल ग्राहस्थ उत्पादनको अनुपातमा विप्रेषण आप्रवाह २२.७% रहेको छ भने तिर्न बाँकी कुल ऋण ४१.२% रहेको छ। कुल ग्राहस्थ उत्पादनको अनुपातमा विप्रेषण आप्रवाह ठूलो भएको देशहरूमा नेपाल ११ औं स्थानमा छ।

**(२) नेपालमा बेरोजगारी**

नेपाल श्रम सर्वेक्षण (२०१९) अनुसार प्रत्येक वर्ष कम्तीमा १६-२० लाख युवा रोजगारीको खोजीका लागि नेपाली रोजगार बजारमा आउँछन्। तर उनीहरूमध्ये केवल पाँच प्रतिशतले मात्रै देशमै रोजगारी पाउन सक्छन् । केन्द्रीय तथ्यांक ब्युरो (२०२१) का अनुसार हाल नेपालमा कुल ८६ लाख व्यक्तिले उनीहरूको योग्यता र सीपअनुरूप रोजगारी पाइरहेका छैनन् ।

देशको निरक्षर बेरोजगारी (बेरोजगार र अशिक्षित) १८ प्रतिशत छ भने साक्षर शिक्षित (कलेजको डिग्री भए पनि) बेरोजगारी दर ८ देखि ९ प्रतिशतसम्म छ । सर्वेक्षणले करिब ७० हजार व्यक्तिलाई पनि स्नातक वा मास्टर डिग्री गरीकन पनि बेरोजगार देखाएको छ । खाडी देश र अन्य मुलुकहरूमा रोजगारीका अवसरको खोजीमा लागेका करिब आठ लाख युवा–युवतीमध्ये ७४ हजार मास्टर डिग्री, दुई लाख १६ हजार

स्नातक, करिब चार लाखभन्दा बढी इन्टरमेडियट र १५ लाखभन्दा बढी एसएलसी पास गरेकाहरू देशमा हैसियतअनुसारको काम नभेटेर बिदेसिएका छन् । (नयाँ पत्रिका, २०७८ श्रावण १) https://www.nayapatrikadaily.com/news-details/67098/2021-07-16

### (३) विदेश पलायनको अवस्था:

अध्यागमन विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०२३ मा मात्रै १६ लाख नागरिक विदेश गएको आँकडा प्रकाशित गरेको छ।

Report of Nepali Citizens Departing in 2023 for different Purpose

| S.N. | Purpose of Visit | Male | Female | Total |
|---|---|---|---|---|
| 1 | Employment | 723789 | 84604 | 808415 |
| 2 | Tourism/Pilgrimage Visit | 130926 | 73575 | 204518 |
| 3 | Family/Relation | 70808 | 96673 | 167485 |
| 4 | Study | 59978 | 48562 | 108542 |
| 5 | Temporary Residence Visit | 51876 | 40468 | 92349 |
| 6 | Permanent Resident | 36663 | 34251 | 70915 |
| 7 | Conference/Seminar/Training | 17384 | 6873 | 24263 |
| 8 | Dependent | 8086 | 12527 | 20613 |
| 9 | Health Treatment | 10695 | 8809 | 19509 |
| 10 | Business | 16391 | 2573 | 18964 |
| 11 | Official Visit | 12279 | 3830 | 16111 |
| 12 | Employment (Needs no Employment permit) | 6343 | 1742 | 8086 |
| 13 | UN Mission | 5263 | 795 | 6058 |
| 14 | Sports Event | 2680 | 973 | 3653 |
| 15 | Concert/Cultural program/Events | 1290 | 674 | 1964 |
| 16 | Returning to home country | 12 | 20 | 32 |
| 17 | Others | 16723 | 15635 | 32359 |
| | **Total** | **1171186** | **432584** | **1603836** |

एक वर्षमा वैदेशिक रोजगारीको लागि ८ लाख, पर्यटनको लागि २ लाख ( त्यसमा पनि अधिकांश 'भिजिट भिसा'मा लगेर काम गर्ने गराउने खुलेको छ), पारिवारिक सम्बन्ध, अस्थायी बसोबास, आश्रितको लागि २ लाख ८० हजार, स्थायी बसोबासको लागि ७० हजार, पढाईको लागि १ लाख, उपचारको लागि २० हजारले मुलुक छाडेका छन्।

### (४) शिक्षा क्षेत्र ध्वस्त

नेपालका सरकारी विद्यालयदेखि विश्वविद्यालयसम्म आज बेथितिको अड्डा बनेको छ। विद्यालयमा  शिक्षक छन, तलब तोकिएको छ, जागिर निरन्तरताको सुनिश्चितता छ, भौतिक पूर्वाधारको चिन्ता आफैंले गर्नु परेको छैन, यहाँसम्म कि निवृत्तिभरणको व्यवस्था छ तैपनि पढाई र गुणस्तर छैन। त्यहीं निजी क्षेत्रमा न्यून तलबमा शिक्षकले काम गर्नु परेको छ, भोलि नै जागिरबाट हटाइदिने अनिश्चितता छ, कुनै निवृत्तिभरण छैन तैपनि

शिक्षकहरू समयमा आउँछन्, राम्रो पोशाक लगाएर विषयवस्तु तैयारी गरेर आउँछन्, विद्यार्थीलाई राम्ररी पढाउँछन्, हरेक महिना 'यूनिट टेस्ट' लिएर जाँच्छन्, र परीक्षमा उत्कृष्ट नतिजा ल्याउँछन्। परिणामस्वरूप अधिकांश विद्यार्थीहरू सकेसम्म निजी विद्यालय नै रोज्न बाध्य हुँदै आएका छन्।[1] शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्क अनुसार कक्षा १–५ सम्ममा यो वर्ष २०७९ को तुलनामा झन्डै १ लाख विद्यार्थी घटेको पाइएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रस्तुत गरेको तथ्याङ्क अनुसार वि.सं २०७८ सालमा कक्षा १२ सम्म पुग्दा ३३.१ प्रतिशतमा विद्यार्थी मात्र कक्षामा उपस्थित हुने रहेछन्  अर्थात् ६६.९ प्रतिशत विद्यार्थी बिचैमा कक्षा छाड्ने गरेको  छ। त्यस्तै  २३.८ प्रतिशत बालबालिकाहरू आधारभूत तहको शिक्षा समेत पूरा गर्दैनन्  भने १५ वर्ष भन्दा माथिलो उमेर समूहका साक्षरता दर भने ५८ प्रतिशत मात्र रहेको छ । विश्वविद्यालयहरू त झन् राजनैतिक भागबंडा र राजनीतिको अड्डा बन्न पुगेको छ। त्यसकै परिणाम हो यस वर्षमात्र पढ्न का लागि १ लाख ८ हजार विद्यार्थी बाहिरिएका छन्।

**(५) स्वास्थ्य क्षेत्रको वेथिति**

नेपालको स्वास्थ्य क्षेत्रको बेथिति हेर्न कुनै सरकारी अस्पताल एक पटक पुगेहुन्छ। डब्लुएचओको मापदण्डअनुसार एक हजार जनसंख्या बराबर एक डाक्टर हुनुपर्ने नेपालमा २९ हजार १६५ डाक्टर आवश्यक भएकोमा सरकारी र निजीमा गरी ३२१२ मात्रै कार्यरत छन् र ३२ वर्षदेखि डाक्टरको दरबन्दी थपिएको छैन। विश्व स्वास्थ्य संगठनले एकदिनमा एउटा चिकित्सकले २० जना बिरामी हेर्नुपर्ने मापदण्ड राखेतापनि अहिले एउटा चिकित्सकले ७० भन्दा बढी बिरामी दैनिक हेर्नुपरिरहेको छ। अझ मेडिसिन, अर्थोपेडिक विभागका एउटा डाक्टरले दिनहुँ १०० भन्दा बढी बिरामी हेर्नुपर्छ। सरकारी अस्पतालमा शल्यक्रियाकोलागि विरामीले ६-६ महिनाको पालो कुर्नु परेको छ।[2]

र जहाँ दरबन्दी पनि छ, त्यहाँ डाक्टर जान मानेका छैनन् (१४ दरबन्दी भएको प्युठान अस्पतालमा कोही छैनन् डाक्टर)।[3]

---

[1] कक्षा ५ सम्म रहेको पूर्णागिरि प्राथमिक विद्यालय जिलोडा डडेल्धुरामा चार जना शिक्षक छन् । विद्यार्थी भने तीन जना मात्र । गाउँ नजिकै विद्यालय भए पनि आफ्ना बालबालिका निजी विद्यालयमा पढाउन थालेपछि समस्या उत्पन्न भएको विद्यालयका शिक्षिका कल्पना ओझा बताउँछिन्
https://www.prasashan.com/2018/08/19/78928/

[2] बिरामीका दु:ख: सरकारी अस्पतालमा शल्यक्रियाको पालो कहिले?

पेट दुख्ने, फुल्लिने र असहज हुने समस्याले सताएपछि उनी १५ चैतमा देशको जेठो वीर अस्पताल पुगेकी थिइन्। परीक्षणका क्रममा पित्तथैलीमा पत्थरी देखियो। चिकित्सकले शल्यक्रिया गरेर पत्थरी निकाल्नुपर्ने सुझाव दिए। तर उनले शल्यक्रियाका लागि अर्को वर्ष अर्थात् ६ महिनापछि मात्र पालो पाएकी छिन्।

https://swasthyakhabar.com/story/51432

[3] १४ दरबन्दी भएको प्युठान अस्पतालमा कोही छैनन् डाक्टर

प्युठान- प्युठान जिल्ला अस्पतालमा सरकारी चिकित्सक दरबन्दी १४ हो। तर अहिले अस्पतालमा एक जना पनि दरबन्दीका चिकित्सक छैनन्। करारका दुई जना डाक्टरको भरमा सरकारी अस्पताल धानिएको छ।

नेपाल सरकारले स्वास्थ्य चौकीदेखि आधारभुत अस्पतालसम्म ९८ प्रकारका औषधि निःशुल्क गरेको भन्छ, तर यथार्थमा कुनै पनि अस्पतालले पारासिटामोल समेत छैन भनेर, स्वास्थ्य वीमा रहेका विरामीहरू समेतलाई फर्काइरहेको छ। त्यस्तै वीर अस्पतालका बिरामीले १३३ वर्षदेखि पाइरहेको खाना–खाजा स्वास्थ्य मन्त्रालयले खोसेको छ।

दलीय भागबण्डा र राजनीतिले आन्दोलित धरानको बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान कोइराला थलिएको छ। कुनै पनि सरकारी अस्पतालमा पुग्दा डाक्टर छैन, उपकरण काम गरेको छैन वा विद्युत छैन भन्दै आमजनता प्रताडित भइराखेका हुन्छन्। अरू अधिकांश सरकारी अस्पतालहरू रेफरल सेन्टरको रूपमा परिणत भएका छन्। आज पैसा भयो भने जो पनि निजी अस्पताल नै जान चाहन्छन्।

**(६) भ्रष्टाचारको श्रृंखला**

ट्रान्सपरेन्सी इन्टरनेशनलले भर्खरै सार्वजनिक गरेको प्रतिवेदन अनुसार नेपाल सबभन्दा बढी भ्रष्टाचार हुने मुलुकभित्र पर्दछ। १८० देश सम्मिलित सूचकाङ्कमा डेनमार्क ९० अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा पर्छ भने नेपाललाई १०० मा ३५ अङ्क पाएर १०८ औं स्थानमा रहेको छ। त्यसभन्दा अगाडिका ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रतिवेदनहरूले नेपालका प्रधानमन्त्री समेतको नामै किटेर पनि भ्रष्टाचारको संरक्षण गरेको औंल्याएका थिए। बालुवाटार जग्गा प्रकरण, सेक्युरिटी प्रिन्टिंङ्ग प्रेस घोटाला, नेपाल ट्रष्टको जग्गा भाडा प्रकरण (यति काण्ड), स्वास्थ सामाग्री खरीदमा घोटाला (ओम्नी काण्ड), नक्कली भुटानीशरणार्थी प्रकरण र विमानस्थलमा दिनहुँ जस्तो भइरहेको क्वीन्टलका क्वीन्टल सुन तस्करी केही हालका भ्रष्टाचारका ठूला काण्डहरू हुन् जसमा देशका शीर्षनेता, मन्त्री, प्रहरी अधिकारीहरूकै मिलेमतो रहेको छ।

आज देशमा सिंहदरबारको मन्त्री परिषद् र मन्त्री कार्यकक्षदेखि लिएर वडाकार्यालयसम्म कुनै पनि सरकारी कार्यालय यस्ता छैनन्, जहाँ आमजनताले बिना घुस काम गर्न सकियोस्।

---

दरबन्दीअनुसारका चिकित्सक नहुँदा उपचारका लागि आएका बिरामीले सास्ती खेप्नुपरेको छ। दैनिक २ सय ५० जनाभन्दा बढीले ओपीडी सेवा लिने अस्पताल चिकित्सकविहीन भएपछि कतिपय स्थानीय उपचार नगरी घर फर्कन बाध्य छन् भने कतिपयले महँगो शुल्क तिरी स्थानीय क्लिनिकमा उपचार गराउनु परेको छ। https://nepallive.com/story/143851

दरबन्दी छ, छैनन् डाक्टर

सुर्खेत - कर्णाली प्रदेशभर कुल ८ सय ८७ जना स्वास्थ्यकर्मीको दरबन्दी छ। तर, हाल साढे २४ प्रतिशत अर्थात् ३०७ जना स्वास्थ्यकर्मी मात्र कार्यरत छन्। कार्यरतमध्ये विशेषज्ञ चिकित्सकको संख्या निकै न्यून छ। प्रदेशभर हाल १४ जना मात्रै विशेषज्ञ चिकित्सक दरबन्दीमा कार्यरत छन्। ती चिकित्सक पनि सुगममै केन्द्रित छन्। सुर्खेत र जुम्लाबाहेकका अन्य जिल्लामा दरबन्दीअनुसार विशेषज्ञ चिकित्सक छैनन्।

https://annapurnapost.com/story/193535/

**(७) व्यापारीहरूले आत्महत्या**

केही समय अगाडि "आफू व्यवसायका कारण आर्थिक रूपमा डुबेको", त्यसका लागि "सरकारी नीतिहरू दोषी रहेको" र "कुनै उपाय नदेखेपछि आत्मदाहको बाटो रोजेको" उल्लेख गर्दै प्रेमप्रसाद आचार्यले संसद् भवन अगाडि प्रधानमन्त्रीकै गाडीअगाडि 'आत्मदाह' गरेका थिए। यही हप्ता धनगढीका एक व्यवसायी सन्दीप स्टोरका सञ्चालक सन्तोष अग्रवालले आफ्नै घरको पाँचौं तलामाथिबाट हाम्फालेर आत्महत्या गरेका छन्। देशभरिमा बैंक तथा वित्तीय संस्थाहरूबाट ऋणीहरूमाथि भइरहेको ज्यादती र अत्याचारको कारणले अरू कैयन् व्यापारीहरू आत्महत्या गर्न विवश छन्।

**(८) लोकतन्त्रमाथि खतरा:**

नेपालमा लोकतन्त्र स्वत: बुझिएतापनि इकोनोमिस्ट समूहले प्रकाशित गरेको लोकतन्त्र सूचकाङ्कको आधारमा नेपालमा तानाशाही र लोकतन्त्रबीचको मिश्रित प्रणाली रहेको र सन् २०२२मा 4.49 अंकका साथ नेपाल १०१ औं स्थानमा रहेको देखाउँछ। प्राय: कम्युनिष्ट सरकारहरू आउँदा राज्य संयन्त्रलाई आफ्नो सत्ता टिकाउनका लागि प्रयोग गर्ने र लोकतान्त्रिक अधिकारहरू सहजै हरण गर्ने गरेको पाइन्छ। वर्तमान गठबन्धन सरकारले ललितपुरको पुल्चोक क्षेत्रमा ६ महीनासम्म पाँच जनाभन्दा बढी भेला भएर प्रदर्शन गर्न रोक लगाउने गरी निषेधाज्ञा जारी गर्नु र शान्तिपूर्ण प्रदर्शनको थलो रहेको माइतीघर मण्डलदेखि नयाँ बानेश्वरसम्मको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गर्नु यसको उदाहरण हो। २०८० पौष १६ गते जनमत पार्टीले धोती दिवस मनाउन लाग्दा जनमत पार्टीका अध्यक्ष र संघीय मन्त्री सहित ५३ जनालाई पक्राऊ गर्नु, माघ ८ गते सप्तरीको राजबिराजमा हातमा माला लिएर अतिथिलाई स्वागत गर्न गएका मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री सहित मधेश प्रदेशका सभासद्हरूमाथि लाठी चार्ज गर्दै व्यापक दमन गर्नु, सामाजिक सञ्जालहरू बन्द गर्नु, मिडियामाथि पटक पटक दबाब दिनु, सामाजिक सञ्जालमा सरकारको विरोध गर्यो भन्दैमा पक्राऊ गर्न लगाउनु यसका केही ताजा उदाहरणहरू हुन्।

**(९) राज्यका अंगहरू पूर्णत: असफल**

सबभन्दा पहिला नेपालको निर्वाचन प्रणाली अलोकतान्त्रिक, विकृत र अति महँगो भएको छ र जनताले स्वच्छ र निर्भय रूपमा आफ्नो मत प्रयोग गर्न सकेका छैन्। सरकार र कर्मचारीतन्त्रमा हालीमुहाली जमाएका पार्टीहरूले निर्वाचन प्रक्रियालाई आफू अनुकुल बनाई निर्वाचन गर्दै आएका छन्। त्यसमा पनि समानुपातिक प्रणालीको ठूलो दुरुपयोग भएको छ। यो चाहिँ शीर्ष नेताहरूलाई व्यवस्थापन गर्ने, उनीहरूको नातागोतालाई सुरक्षित संसद्सम्म पुऱ्याउने माध्यम बनेको छ।

गत मंसिरमा भएको निर्वाचन पश्चात एक वर्षको अवधिमा संसद्ले, बजेट सम्बन्धी विधेयक बाहेक, एउटा मात्रै विधेयक पारित गर्न सक्यो। संसदले गत असार ३१ गते मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित गरेको थियो ।

संसद् शीर्ष पार्टीका चार नेताहरूको योजनालाई वैधता दिने रबर-स्टाम्पमा नै सिमित रहन पुगेको छ। संसद्मा उठेका कुनै कुराको सुनुवाई हुँदैन न त कुनै छलफलको नै औचित्य रहेको छ। जे जति छलफल भए पनि अन्तिममा शीर्ष नेताहरूले दिएको ह्वीपको आधारमा हात उठाएर हुन्छ/हुन्न भन्दै उनीहरूले ल्याएको विधेयक पारित गर्ने काम हुन्छ। यसमा जनताको आकांक्षाको कुनै स्थान नै रहँदैन।

सरकारले जे कुरामा हात हालेको छ, त्यो कुरा असफल हुने निश्चित प्राय: हुन्छ। कार्यपालिकाको अवस्था त्यस्तो छ, कर्मचारीहरूको मनोमानी त्यस्तो छ। कार्यपालिका र यसका अंगहरू शीर्ष राजनैतिक पार्टीका कार्यकर्ताहरूको भर्ना केन्द्र र भातृसंगठनमा सिमित हुन पुगेको छ।

न्यायपालिकामा बेन्च शपिङ्ग खुल्लेआम हुनुका साथै न्यायपालिका समेत पार्टीहरूको कार्यकर्ताको भर्ती केन्द्र बन्न पुगेको छ, जहाँबाट आम जनताले कुनै न्यायको आशा गर्न सक्दैनन्।

देशका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग सहित संवैधानिक निकायहरू, संस्थानहरू सबै राजनैतिक पार्टीहरूको राजनैतिक नियुक्ति र सौदाबाजीको स्थल बन्न पुगेको छ।

**(१०) अर्थतन्त्र तथा आयात-निर्यातको अवस्था**

नेपालको कुल गार्हस्थ उत्पादन ५३ खर्ब छ जसमध्ये १२ खर्ब रेमिट्यान्स आयबाट आएको छ। नेपालको हालसम्मको कुल ऋण रकम २२ खर्ब नाघेको छ। नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी)को करिब ४१.२ प्रतिशत हुन आउँछ। यो वर्ष सरकारको वित्तीय घाटा ४ खर्ब ८६ अर्ब रुपैयाँ पुगेको छ भने मुद्रास्फीतिको दर ७.७४ प्रतिशत छ।

भन्सार विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा नेपालले झण्डै २० खर्व रुपैयाँ बराबरको वस्तु आयात गरेको देखिन्छ भने सोही अवधिमा २ खर्ब बराबरको निर्यात भएको देखिन्छ। कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० प्रतिशत भन्दा ज्यादा र निर्यातको हिस्सा १० प्रतिशत भन्दा पनि कम रहेको छ। चालू आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा नेपालमा ७ खर्ब ६८ अर्ब रुपैयाँको वस्तु आयात भएको छ भने सोही अवधिमा नेपालबाट ७४ अर्ब ९६ करोड रुपैयाँको निर्यात भएको छ ।

पाँच वर्षको अन्तरालमा नेपालमा ५७.४९%ले कृषिजन्य वस्तु आयात बृद्धि भएको छ। केन्द्रीय भन्सार विभागका अनुसार गत आर्थिक वर्ष नेपालमा तीन खर्ब ५५ अर्ब १३ करोड ६१ लाखको कृषिजन्य वस्तु आयात भएको देखिन्छ । पाँच वर्षअघि नेपालले आर्थिक वर्ष २०७४-७५ मा दुई खर्ब चार अर्बको मात्र कृषिजन्य वस्तुको आयात गरेको थियो। यता नेपाली किसानहरू तरकारी, दूध आदिको मूल्य नपाएर आन्दोलित हुँदै आएका छन्।

## III. आखिर नेपालको विकास किन भएन ?

नेपाल विकास हुनका ५ बाधकहरू तपसिल बमोजिम दिन सकिन्छ।

### १. राजनैतिक संरक्षणमा बेथिति

नेपालमा राजनीतिको आडमा र शीर्ष नेताको संरक्षणमा जे गरे पनि हुने, जे भत्काए पनि हुने, यहाँसम्म कि हत्याहिंसा गरे पनि हुने मिलाउन सकिने खालको बेथिति छ। विद्यालयको शुल्क तिर्नु छ – आन्दोलन वा तोडफोड गरे तिर्नु पर्दैन। सवारीले सार्वजनिक सम्पत्तिमा तोडफोड भएको छ – जिम्मेबार हुनै पर्दैन। अस्पतालमा तोडफोड गरेर पनि उम्किन सक्ने। उद्योगमा पनि उद्योगीहरूद्वारा पनि मनपरीतन्त्र छ भने आफू अनुकुल भएन भने कामदारहरू पनि जतिखेर पनि आन्दोलन गरेर बन्द गर्न सक्छन्। यस्तो माहौलमा शिक्षा, स्वास्थ्य, रोजगारी, सार्वजनिक सेवा आदिसँग सम्बद्ध संस्थाहरू निर्धक्क भएर स्थापित हुन सक्दैनन् र निर्बाध रूपमा सेवाप्रवाह गर्न सक्दैनन्। लगानीकर्त्ताहरूलाई सुरक्षित महसूस हुँदैन। सरकारी तवरबाटै पनि कतिखेर कुन नीति आइदिने हो त्रास बनिराख्छ जसले गर्दा दीर्घकालीन् नीति तहत लगानी हुँदैनन्।

### २. भूराजनैतिक परिवेश

नेपाल कागजी रूपमा स्वतन्त्र भए तापनि यथार्थमा यहाँ हरेक राजनैतिक र आर्थिक महत्वपूर्ण निर्णयहरू, गठबन्धन निर्माण र सरकार परिवर्तन बाह्य प्रभावमा नै हुन्छ। त्यसलाई झेल्न सक्ने राजनैतिक नेत्तृत्व वा दलहरू भइदिएनन्। जसले बाह्यशक्तिको निर्देशन विपरीत निर्णय गर्छ, उसको सरकार त्यतिनै खेर ढल्छ र अर्को पात्र खडा गरिन्छ। यसबाट बच्नका लागि एउटै उपाय छ – प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री।

### ३. नेत्तृत्वमा दूरदृष्टि र प्रतिबद्धताको कमी

नेपालको नेत्तृत्व आफ्नो विभिन्न कमीकमजोरी र विगतका गल्तीहरूको कारणले गर्दा चाहेर पनि दूरदृष्टि राख्न सक्दैनन् र आसन्न सत्ता निर्माणमा नै उनीहरूको ध्यान र ऊर्जा केन्द्रित हुन्छ। सत्तामा पुग्नका लागि आन्तरिक र वाह्य शक्ति केन्द्रहरूसँग जस्तोसुकै सम्झौता गर्न बाध्य हुन्छन् जुन आफू वा बढीमा आफ्नो पार्टी वा मान्छे बचाउन केन्द्रित हुन्छ। देश र जनताको अवस्था के छ र कस्तो हुनेछ, त्योसँग ईमान्दारीतापूर्वक कुनै सरोकार रहने गरेको छैन। सत्तामा पुग्नका लागि वा बाह्य शक्ति केन्द्रहरूसँग सामीप्यता र बफादारी देखाउनका लागि ऋण लिइदिएको वा अन्य सम्झौताहरू गरिदिएको प्रशस्तै उदाहरणहरू छन्, भलै ती ऋण र सम्झौताहरू स्पष्टरूपमा देश वा जनताको लागि घातक नै थिए।

त्यस्तै नेत्तृत्वमा प्रतिबद्धताको कमी छ – कोप्रति प्रतिबद्ध हुने, कोप्रति जिम्मेबार हुने? साँच्चिकै रूपमा हृदयले नै देशप्रति प्रतिबद्ध हुने र जनताप्रति जिम्मेबारी हुने स्तरको बोध देखिँदैन। राजनीतिको

शुरूवात् गर्दाखेरि कतिपयमा त्यो देखिएको भएतापनि सत्तामा पुग्दासम्म विभिन्न परिबन्दमा बाँधिन गई त्यो स्तरसम्म प्रतिबद्ध नै हुन पाउँदैनन्।

### ४. अस्थिर सत्ता

नेपालको सत्ता प्रजातन्त्र आए पछि कहिलेपनि स्थिर भएन र स्थित नभए पछि यसका नीति तथा कार्यक्रमहरू, रणनीति र योजनाहरू केही स्थिर हुने भएनन्। एउटा सरकारले गर्न खोजेको कुरा केही महिनापछि सरकार परिवर्तन भए पछि थन्किन्छ। एउटा कार्यालय प्रमुखले गर्न थिति बसाउन खोजेको कुरा अर्को आए पछि सकिन्छ।

### ५. भ्रष्टाचार संस्थागत

जतिसुकै राम्रो योजना भए तापनि यदि भ्रष्टाचार छ, त्यो पनि नीतिगत, संस्थागत र दण्डहीनताको बीचमा भने त्यो देश विकसित हुन गाऱ्हो छ। त्यसमा पनि नेपाली समाजले भ्रष्टाचारलाई सामाजिक रूपमा स्वीकार्य गरेको अवस्था छ। अरूले गरेको भ्रष्टाचारलाई देख्ने मान्छे समेतले आफूले गरेको भ्रष्टाचारलाई भ्रष्टाचार भन्दैनन्। न त परिवार, समाज वा देशबाट नै भ्रष्टाचारीहरू सामाजिक रूपमा बहिष्कृत वा लज्जित हुनु परेको छ। बरू भ्रष्टाचार गर्न पाउनु आफूलाई पाको ठान्ने र जति ठूलो भ्रष्टाचार गर्यो उति ठूलो गर्वको विषय जस्तो हुँदै आएको छ।

## IV. नेपालमा आर्थिक गरीबी कि दर्शनको गरीबी ?

आखिर राजा, राणा, खस शासकहरू विगत २५० वर्षदेखि निरन्तर सबै नेपालको विकास गर्न र नेपाललाई धनी बनाउन असफल हुनुमा केही दार्शनिक समानता त होला? आखिर नेपालको विकास किन भएन र नेपाल किन गरीब रहिरह्यो?

के कुनै कालमा कसैले - राजाले, राणाले वा कुनै पनि पार्टीले यो भन्ने हिम्मत गर्यो कि विद्यालय निःशुल्क हुने छैन, स्वास्थ्यसेवा निःशुल्क हुने छैन, रोजगारी मैले दिन्न, सामाजिक सुरक्षा मैले दिन्न ? कि एक कक्षा पढ्न पनि पैसा लाग्नेछ, सानो स्वास्थ्य सेवाको लागि पनि पैसा लाग्नेछ?

हामीलाई लाग्छ, सबै कालमा पाइने एउटा समानता यहीं निर छ। नेपाल विकसित र आर्थिक रूपमा समृद्ध नहुनुको पछाडिको दार्शनिक कारण यही अनौठो सुनिने उद्घोषमा लुकेको छ।

वि.सं. २००७ सालसम्म नेपालको राजनीति दरबारबाहिर खासै निस्किन सकेको थिएन र त्यतिबेलासम्म सामन्तवादी युगमा नेपाल थियो। राजा र राणाहरूको मुख्यकाम जनताबाट कर उठाउनु नै थियो। त्यसबाहेक जनताले राज्यसँग आशा गर्ने ठाउँ पनि थिएन। तर त्यतिबेला पनि कुनै राजा वा राणा शासको

मूल्याङ्कनको आधार के हो भन्दा उसले जनतालाई टुँडीखेलमा भोज दियो कि दिएन, कपडा बाँड्यो कि बाँडेन भन्ने नै हो।

नेपाल विस्तार गर्दादेखि सामन्तवादी सामाजिक व्यवस्था भनिए तापनि त्यसमा पनि केही चरित्र "समाजवादी" थियो। दासहरूसँग काम मात्रै लिइँदैनथ्यो, शिक्षा दिनु परे, उपचार गराउनु परे कसले गर्थ्यो? गाउँका मुखिया, जमीन्दार, भलमन्सा वा करअधिकारीले गर्दथ्यो। त्यो उनीहरूको जिम्मा थियो। यसले परनिर्भरता शुरूदेखि नै नेपाली समाजको मानसिकतामा विकास गर्‍यो। शिक्षा दिने कसको काम हो? राज्य को। स्वास्थ्य उपचार गराइदिने कसको काम हो? राज्यको। रोजगारी दिने काम कसको हो? राज्यको। सामाजिक सुरक्षा दिने काम कसको हो? राज्यको। खानेकुरा छैन, दिने काम कसको हो? राज्यको। यसले जनतामा शुरूदेखि नै राज्यनिर्भरता उत्पन्न गर्‍यो। समाज 'लेथरजिक' भएर आयो।

वि.पी. कोइरालाको नेत्तृत्वमा वि.सं. २००३ सालमा नेपाल राष्ट्रिय कांग्रेसको स्थापना भएको थियो जसलाई वि.सं. २००६ सालमा नेपाल प्रजातान्त्रिक कांग्रेससँग एकीकरण गरिएपछि "नेपाली कांग्रेस" बन्यो। बीपी कोइरालाले २००५ साल असोजमा युगवाणी पत्रिकामा 'हाम्रो ध्येय' शीर्षकमा तीन पृष्ठजतिको दस्तावेज सार्वजनिक गरेका थिए। २००८ सालमा बालचन्द्र शर्मा, केदारमान व्यथित र भरतमणि शर्माले बीपीको विचारधारामा आधारित रही 'नेपाली कांग्रेसका लागि 'लोकतान्त्रिक समाजवादी घोषणापत्र २००८'लेखेका थिए। थिए।प्रजातान्त्रिक समाजवादी अवधारणा केन्द्रित सो घोषणापत्र २०१२ सालको वीरगन्जमा आयोजित छैठौं महाधिवेशनले अनुमोदन गरेको थियो। त्यसले राजनीतिक प्रणालीमा वैधानिक राजतन्त्रअन्तर्गतको प्रजातान्त्रिक समाजवाद, जनताले चुनेका प्रतिनिधिप्रति उत्तरदायी हुने, बालिगमताधिकार, एक सदनीय संसद, विकेन्द्रित प्रशासन, स्वतन्त्र न्याय विभाग, लिंग वर्ण एवं जातिको निरपेक्ष राजनीतिक एवं नागरिक अधिकार, लोकसेवाबाट कर्मचारी नियुक्ति, रजौटा प्रथाको उन्मुलन, सरकारी व्ययको लेखापरीक्षण लगायतका लक्ष्य थियो। आर्थिकमा भने, शिक्षामा प्राथामिक शिक्षालाई अनिवार्य सार्वजनिक शिक्षा गरिनुपर्ने लगायतका विषय समेटिएको थियो। उसको ध्येय "प्रजातान्त्रिक पद्धतिबाट समाजवादी अर्थ व्यवस्थाको स्थापना गर्नु" थियो। निशुल्क प्रारम्भिक शिक्षा अनिवार्य रूपमा लागू गर्ने, आधारभूत उ्दयोगहरू सरकारले, कुटीर एवम् लघू उद्योग सहकारीका आधारमा र निजि उद्योगलाई उपभोक्ता सामग्रीका लागि राख्ने र उद्योगहरूको सञ्चालनमा मजदूर वर्गको हात हुनु पर्दछ भन्ने अवधारणा सो घोषणापत्रमा समेटिएको थियो। नेपाली काँग्रेसको राजनैतिक दर्शन २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएर नवउदारवादी नीति अँगाल्दासम्म मूलत: यही थियो। २०४८ को आमनिर्वाचन पछि नेपाली काँग्रेसले बहुमतको सरकार बनाए पछि नवउदारवाद अँगाल्दै निजीक्षेत्रको बृहत्तर भूमिका स्थापित गर्नका लागि आमूल नीतिगत परिवर्तन गर्दै अर्थतन्त्रका अधिकांश क्षेत्रमा निजी, साझेदारी, सहकारी र गैरसरकारी क्षेत्रलाई खुल्ला गरियो। नेपाली काँग्रेसको १४औं महाधिवेशनमा महामन्त्रीका उम्मेदबार गगन थापाले सामाजिक लोकतन्त्रलाई आधार मान्दै "समुन्नत नेपाललागि सैद्धान्तिक रूपरेखा" १५ बूँदाहरूमा चर्चा गर्दै नेपाली काँग्रेसलाई नवउदारवादबाट रूपान्तरणको प्रस्ताव गरेको छ।

२००६ भाद्र ३० गते क. पुष्पलालद्वारा जारी गरिएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्रमा पूँजीवाद र साम्राज्यवादको विरोध गर्दै बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बगान आदिमा लगाइएको विदेशी पुँजी राज्यद्वारा जब्त गर्ने र ती व्यवसायहरूको राष्ट्रियकरण गर्ने, ठुलठुला उद्योगहरू, ठुला

बैंकहरू र बिमा कम्पनीहरूको राष्ट्रियकरण गर्ने, मजदुर नियन्त्रणको ग्यारेन्टी गर्ने, न्यूनतम जीवनयोग्य ज्यालाको व्यवस्था गर्ने, आठ घण्टाको कामको दिन मान्ने, मुलुकका साधन-स्रोतहरूको विकास गर्न आर्थिक योजना र मुख्य-मुख्य आर्थिक केन्द्रहरूबाट ठुलो व्यवसायलाई हटाउने, निजी उद्योगहरूको नाफामाथि नियन्त्रण गर्ने, प्रजातान्त्रिक शिक्षा प्रणालीको व्यवस्था गर्ने, मुफ्त अनिवार्य प्राथमिक शिक्षा र उच्चस्तरमा सस्तो शिक्षाको व्ययस्था गर्ने जस्ता कुराहरू समावेश गरिएका थिए।

२०४९ साल माघमा नेकपा(एमाले)को पाँचौं महाधिवेशनमा तत्कालीन महासचिव जननेता मदनकुमार भण्डारीले पेश गरेको जनताको बहुदलीय जनवाद (जबज) मूलत: समाजवादीहरूलाई बहुदलीय संविधानको खाकाभित्र कोच्दै सामन्तवाद र साम्राज्यवादको शोषण-उत्पीडनलाई अन्त्य नगरी नेपाली समाजको प्रगतिशील विकास सम्भव नभएको, औद्योगीकरणबिना देशको प्रगति सम्भव नभएको, अर्धसामन्ती तथा अर्धउपनिवेशी स्थितिलाई अन्त्य गर्नु पर्ने, सामन्तवर्ग, दलाल नोकरशाही पूँजीपति वर्ग र वैदेशिक एकाधिकार पूँजीवादले सम्पूर्ण श्रमजीवी जनतामाथि निर्मम शोषण-उत्पीडन कायम गरेको,

काङ्ग्रेसको सरकारले पनि पहिलेजस्तै सामन्तवर्ग, दलाल नोकरशाही पूँजीपतिवर्ग र वैदेशिक एकाधिकार पूँजीवाद तथा साम्राज्यवादको हित रक्षा गर्ने काम गरिरहेको, किसानहरू, राष्ट्रिय उद्यमी, व्यापारी व्यवसायीहरूमाथिको उत्पीडन जारी रहेको, उदार अर्थतन्त्रको नाममा भर्खरै वामे सर्न थालेका राष्ट्रिय उद्यमहरूलाई विदेशी पुँजीसँग प्रतिस्पर्धा गर्न बाध्य पारिएको, एकदलीय राजनीतिक एकाधिकारवाद, सर्वत्र काङ्ग्रेसीकरण र सर्वसत्तावाद लागू गर्ने काम भएको, वैज्ञानिक समाजवाद र साम्यवाद नै त्यो उच्चतम लक्ष्य भएको र त्यसको प्राप्तिका निम्ति निरन्तर लागिरहने अठोठ गरेको, जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने, र समाजवादमा सङ्क्रमणको निम्ति भौतिक तयारी गर्ने, जनवादी अर्थव्यवस्थाको आधारभूत चरित्र 'मिश्रित अर्थतन्त्र' रहेको, जनवादी क्रान्तिको नेतृत्व पनि सर्वहारा–श्रमजीवी वर्गले गर्ने, र जनताको जनवादी अधिनायकत्व स्थापित गर्ने निष्कर्ष निकालेको थियो। । एमाले पाँचौँ महाधिवेशनमै सीपी मैनालीको नौलो जनवाद र रघु पन्तको सामाजिक जनवाद अर्थात् सोसल डेमोक्रेसीकै विचार पनि अघि सारिएको थियो, तर नेकपा(एमाले)ले जनताको बहुदलीय जनवादको लाइन लिँदै हालसम्म पनि यसै दृष्टिकोणबाट अभिप्रेरित भएर चल्दै आएको छ। २०७८ असोजमा पारित नेकपा (एमाले) को राजनैतिक प्रतिवेदनमा नेकपा (एमाले) ले २०६२/६३ मा मौलिक ढंगले पूँजीवादी जनवादी क्रान्ति सफल भएको र नेपाल आंमरूपमा समाजवादी क्रान्तिको युगमा प्रवेश गरेको भन्दै जनताको बहुदलीय जनवादलाई नै मार्गनिर्देशन समाजवादका आधार निर्माण गर्ने, समाजवादको अपरिहार्यता र वामपन्थी विकल्पको पुनर्पुष्टि, चीनको सफलता विश्वका श्रमजीवी जनताको लागि प्रेरणाको विषय भएको उल्लेख गरेको छ। पहिला भन्दा फरक नेपाललाई "अर्ध-उपनिवेश" भन्नु त्रुटि हुने भनेको छ।

नेकपा (एमाले) बाट कुनै सैद्धान्तिक धरातलभन्दा पनि व्यक्तिगत अहंकारका कारण छुट्टिएर बनेको नेकपा (एकीकृत समाजवादी) ले झन् आफ्नो नाममै समाजवादी राखेको छ। २०७९ माघ २१-२२ गते प्रस्तुत गरेको राजनैतिक प्रतिवेदन यो कुनै नेपालको दलको प्रतिवेदन कम र चिनियाँ राजनैतिक दलको प्रतिवेदन ज्यादा देखिन्छ किनकि चीन कताबात घेरिँदै छ, चीनको विरोधमा कता मोर्चाबन्दी हुँदैछ भन्ने कुरामा सो दलले बढी सरोकार राखेको देखिन्छ। नेपालमा कहाँ के भइराखेको छ भन्दा विश्वमा कहाँ वामपन्थीहरूको उदय भयो, कहाँ वामपन्थी दलहरूले राम्रो गर्दैछ भन्ने कुरामा सो दलले बढी खुशी मनाएको देखिन्छ। राष्ट्रिय होइन, अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कनबाट शुरूवात् भएर साम्राज्यवाद, प्रभुत्ववाद र एकाधिकार एवं वित्तिय पूँजीवादको विरूद्धमा सो दल उभिएको बताउँदछ। अमेरिकाको हिन्द प्रशान्त रणनीति (IPS), चारदेशीय सुरक्षा समझदारी (QUAD), तीन देशीय सुरक्षा समझदारी, एटलान्टिक सन्धि संगठन NATO

आदिले समाजवादी चीनलाई घेरेको चिन्ता, पश्चिमा शक्तिहरूले यूक्रेनमा युद्ध चर्काउँदै लगेको बढी चिन्ता उसलाई छ। उसले खिचडी प्रवृत्तिको वर्तमान गठजोड जहाँ गणतन्त्रवादी र गणतन्त्रविरोधी, संघीयतावादी र संघीयताविरोधी, धर्मनिरपेक्षतावादी र धर्मसापेक्षतावादी आदि विपरीत चरित्रका राजनैतिक शक्ति भएकले देश अस्थिरता तर्फ धकेलिन सक्ने आँकलन गरेको छ। यसले वर्तमान सत्ता गठबन्धनलाई विश्वासको मत दिँदाखेरि १५ बूँदाहरूमा माग राखी नेपाली नमूनाको समाजवादको आधार तैयार गर्नु पर्ने कुरा खुलाएको छ।

२०५२ सालमा तत्कालीन् संयुक्त जनमोर्चाद्वाराका नेता डा.बाबुराम भट्टराईले नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनु पर्ने, जमिन जोत्नेको हुनुपर्ने, सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्ने , दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्ने , सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्ने, शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्ने जस्ता ४० बूँदे मागपत्र बुझाएर २०५२ मा फागुन १ बाट जनयुद्ध सुरु गरेको र २०५७ माघ २६ देखि फागुन १ गतेसम्म चलेको नेकपा माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनमा अध्यक्ष पुष्पकमल दाहालले ‘महान अग्रगामी छलाङ : इतिहासको अपरिहार्य आवश्यकता’ शीर्षकको प्रतिवेदनमार्फत् "सामन्तवाद र साम्राज्यवादका बिरुद्ध जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्न २१ औं शताव्दीको बर्तमान परिस्थितिमा दीर्घकालिन जनयुद्धको रणनीतिमा आम सशस्त्र जनविद्रोह" गर्नु पर्ने निष्कर्षको 'प्रचण्डपथ' एक दशक लामो सशस्त्र जनयुद्ध र १७००० जनताको बलिदानी पश्चात् २०६३ सालमा "बिस्तृत शान्ति सम्झौता " मार्फत् हथियार बिसाउँदा पनि आज नेपालको राजनीतिको प्रमुख संवाहक भएको छ। २०६५ पुस ३० गते नेकपा एकता केन्द्रसँगको पार्टी एकता अधिवेशनमा अध्यक्ष प्रचण्डले नै प्रचण्डपथलाई पार्टीको पथ प्रदर्शक विचारबाट स्थगित गरी माकर्सवाद–लेनिनवाद–माओवाद लाई पथप्रदर्शक सिद्धान्तको रूपमा घोषणा गरेको छ। बुर्जुवा वर्गसँग गरिएको सम्झौता र बुर्जुवा पुँजीपति वर्गलाई समेत नेतृत्वको हिस्सा दिएर सामन्तवाद र त्यसको राजनीतिक प्रणालीमाथि आधारभूत विजय हासिल गरेको घोषणा गरेको, त्यसमा आफ्नो मौलिकता रहेको र पूँजीवादी क्रान्ति सफल भएको नेकपा (माओवादी केन्द्र) ले ठान्दछ। पछिल्लो नेकपा(माओवादी केन्द्र)ले आठौं महाधिवेशनको आफ्नो राजनैतिक प्रस्ताव ‘२१औं शताब्दीमा समाजवादको नेपाली बाटोमा”मा उसले मार्क्सवादको आधारभूत सिद्धान्तको निर्देशनमा २१ औँ सताब्दीमा नयाँ विचारको रूपमा स्थापित गर्न जोड गर्ने , नयाँ समाजवादी क्रान्ति अगाडि बढाउने , पूँजीवादको हमला विरुद्ध स्थानीय सामुदायिक मोर्चा कायम गर्ने, नवउदारवादीहरूको प्रचारका विरुद्ध राष्ट्रिय स्वाधिनताको आन्दोलनलाई अगाडि बढाउने लक्ष्य राखेको छ। सत्तालाई रणनैतिक रूपमा प्रयोग गर्दै आएको नेकपा (माओवादी केन्द्र) अझै केही शक्ति आर्जित हुने हो भने आफ्नै सुरक्षाको लागि पनि विश्वका अन्य साम्यवादी शक्तिहरू झैं सर्वसत्तावाद र वंशवादतिर उन्मुख छ।

माओवादी आन्दोलनका नेत्तृत्व गरेका र वैचारिक आधारशीला तैयार गरेका डा. बाबुराम भट्टराई नेत्तृत्वले नेपालमा साम्यवादी आन्दोलनको सान्दर्भिकता सकिएको घोषणा गर्दै विभिन्न पार्टीहरूमा ओत लिँदै हाल

नेपाल समाजवादी पार्टी गठन गरेर बस्नु भएको छ। यस पार्टीले ‘अबको निकास आर्थिक विकास’ र ‘अबको राष्ट्रको संकल्प — नयाँ समाजवादी विकल्प’ जस्ता नारा राख्दै समुन्नत समाजवादद्वारा निर्देशित शिक्षा, स्वास्थ्य, रोजगारीलाई प्राथमिकता दिँदै उज्यालो समतामूलक भविष्यको निर्माणको लक्ष्य लिएको छ। यसले ५ ‘स’ मा समतामूलक समृद्धि, समानुपातिक/समावेशी/सहभागितामूलक लोकतन्त्र, सुशासन/सदाचार, समुन्नत समाजवाद, स्वाधिनता/सार्वभौमसत्ताको एजेण्डा राखेको छ भने। कुनै रुढ विचार वा वादमा टाँसिइरहनुपर्छ भन्ने मान्यता नराख्ने,. एक्काइसौं शताब्दीको आवश्यकता र नेपालको विशिष्ठता अनुरुप एक वाम–लोकतान्त्रिक शक्तिको रुपमा संगठित हुँदै समुन्नत समाजवादको दिशामा अघि बढ्ने, र तत्काल उद्यमशील राष्ट्रिय पूँजीको विकासमा जोड दिँदै व्यक्तिको निजत्व प्रस्फुटित गर्ने समुन्नत समाजवादको आधार गर्ने उल्लेख गरेको छ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी** (राप्रपा); २०८० जेठ १ गते पेश गरेको राजनैतिक प्रतिवेदनमा यथास्थितिवादी राजनीतिक कित्ता काँग्रेस र कम्युनिष्टको एकमात्र विकल्प राप्रपालाई प्रस्तुत गरेको छ भने सम्वर्द्धनवादी विचारधारामा आफूलाई उभ्याएको छ। राजसंस्था, हिन्दुराष्ट्रको पक्षलिने, संघीयताको विरोध पनि गर्ने र प्रदेश सरकारमा सहभागी पनि हुने राप्रपाले 'लोकतन्त्रको आवरणमा नवसामन्तवाद र सर्वसत्तावाद हावी; भइरहेको निष्कर्ष निकालेको छ। यसले आफ्नो प्रतिबद्धतामा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, अभिभावकीय संस्थाको रुपमा राजसंस्था, प्रदेश संरचनाको खारेजी, केन्द्र र बलियो स्थानीय तहमात्रै कायम राख्ने, सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दुराष्ट्र र कल्याणकारी राज्य : निशुल्क र गुणस्तरीय सार्वजनिक शिक्षा र स्वास्थ्य सहितका विषयहरू राखेको छ। राप्रपाले सके संविधानलाई उल्टाएर हिन्दू राष्ट्र सहितको (संवैधानिक) राजतन्त्र स्थापना गर्ने पक्ष लिएको छ। राप्रपाले एका तिर संघीयताको विरोध गर्छ, तर संघीयतामा, प्रदेश सभाको निर्वाचनमा पनि उठ्छ, प्रदेश सरकारमा पनि सामेल हुन्छ र प्रदेशहरूको अभिभावक रहेको सभामुख पनि बन्छ। त्यही भएर राप्रपा आफ्नो एजेण्डा प्रति इमान्दार नरहेको र त्यसप्रति झुकाव राख्ने जनमतलाई मात्रै क्याश गरेर संसद्सम्म पुग्न खोजेको देखिन्छ। दुई-तिहाईले पनि संविधानको आधारभूत प्रस्तावनालाई खारेज नगर्नु पर्न हो। नेपालको संविधानको धारा २७४ (२) अनुसार उपधारा (१) र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसदको कुनै पनि सदनमा पेश गर्न सकिनेछ। यस आधारमा प्रस्तावनामा उल्लेख भएको “संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था”लाई खारेज गर्न सकिँदैन, तर नेपालको संविधान र ऐनको व्याख्यामा पनि शासकहरूले आफू अनुकुल हुने गरी गर्ने भएकोले राप्रपाले त्यो संशयको लाभ लिन चाहिँ सक्नेछ। राप्रपाले निकट भविष्यमै आन्दोलनको घोषणा गरे पनि त्यो चाहिँ अरू समूहहरूले आफ्नो एजेण्डा हाइज्याक गरेकोबाट बढी अभिप्रेरित छ।

**जनता समाजवादी पार्टी** मधेशी जनअधिकार फोरमबाट संघीय समाजवादी फोरम, समाजवादी पार्टी नेपाल हुँदै नाम फेर्दै बनेको पार्टी हो। मधेशी जनअधिकार फोरम नेकपा (माओवादी) को भातृसंगठनको रूपमा रहेको थियो र हाल पनि यो नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको साथमा समाजवादी मोर्चाको एक घटकको रूपमा रहेको छ। यस पार्टीको राजनैतिक विचारधारा नेकपा (माओवादी केन्द्र) भन्दा फरक छैन तर मधेश आन्दोलनमा ५४ जना मधेशीहरूले शहादत दिएको बलिदानी र २०६३ चैत ७ को गौर गौरनरसंहारलाई आधार बनाएर शक्ति

आर्जित गर्दै मधेशमा प्रभाव जमाएको र राष्ट्रिय राजनीतिमा खासै चासो नराख्ने शक्ति हो। यसले गणतन्त्र र संघीयताको पक्ष लिए पनि मधेश प्रदेश सरकारमा भ्रष्टाचार संस्थागत गरेको, मधेशमा जातीय दङ्गा गराउन खोजेको आरोप लाग्दै आएको छ।

**लोकतान्त्रिक समाजवादी पार्टी** मधेश आन्दोलनको जगमा तराई मधेश लोकतान्त्रिक पार्टी र राष्ट्रिय जनता पार्टी हुँदै बनेको पार्टी हो। यसले पनि लोकतान्त्रिक समाजवादको सिद्धान्त अँगालेको आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ। व्यवहारमा कुनै सिद्धान्त, एजेण्डा, अडान वा रोडम्याप यो पार्टीसँग देखिँदैन। विगतमा अनेकौं पार्टीहरूमा रहँदै आएका नेताहरू यस पार्टीको नाममा केवल सत्तामा जानको लागि गूटबंद भएको समूह जस्तो मात्रै देखिएको छ।

पछिल्लो निर्वाचनबाट उदाएको **राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)** कुनै राजनैतिक वा आर्थिक दर्शन बोकेर उदाएको होइन, बरू वर्तमान पात्रहरूबाट निराशभएर आक्रोशित जनमतले मौका दिएर उदाएको हो। २०८० मंसिर ११- १३ गते  बसेको रास्वपाको केन्द्रीय समिति र संसदीय समितिको संयुक्त बैठकमा प्रस्तुत राजनैतिक प्रतिवेदन अनुसार रास्वपाले “व्यवस्था भित्र रहेरै जनताको अभिमत जितेर सबै खाले परिवर्तन गर्न सम्भव छ”, चितवन निर्वाचन क्षेत्र नं. २ मा पाएको मतकै आधारमा “एउटै दलले दुई तिहाई बहुमत लयाउन सम्भव छ” जस्ता अतिआशावादी निर्रथक दृष्टिकोण राखेको छ। खसआर्य र सम्भ्रान्त वर्गको बर्चस्वरहेको पार्टी स्वभाविक रूपमा मेरिटोक्रेसी (गुणतन्त्र) को वकालत गर्छ र धरातलीय राजनैतिक संघर्षबाट नभई एनजिओ संस्कृतिबाट उदाएकोले यसले उम्मेदबार क्लब र लीडरशीप एकाडेमी जस्ता संयन्त्रको परिकल्पना गरेको छ। यस पार्टीसँग देशको जनताले धेरै आशा गरे तापनि देश विकासको कुनै राजनैतिक दर्शन, आर्थिक नीति वा निकास र विकासको कार्ययोजना देखिँदैन। यसको नेत्तृत्वको जतिचाँडो सकिन्छ कुनै तरीकाले २०८४ पहिलानै सत्ता समीकरण बदल्दा प्रधानमन्त्री बन्न सकिन्छ कि, नभए २०८४ मा जनमत ल्याएर कसरी प्रधानमन्त्री बन्नेमा बढी सिमित देखिन्छ मानौं प्रधानमन्त्री बन्ने वित्तिकै देशको सारा समस्या समाधान हुनेछ। अर्को कुरा नेपालको विविधता र सामाजिक संरचनाप्रति अनुभवको कमीले गर्दा मधेशी, आदिवासी, मुस्लिम, थारू सहितका सीमान्तकृतवर्गको मुद्दा सम्बोधन गर्न यो पार्टीले सक्दैन। नागरिकता विधेयकको विरोध, संघीयता र प्रदेशको विरोध, मधेशकेन्द्रित नेता र दलहरूको विरोध, थरूहट आन्दोलन र पहिचान आन्दोलन प्रतिको दृष्टिकोण यसका परिचायक हुन्। यो पार्टी लोकप्रियतावादबाट बढी निर्देशित छ, जसको उदाहरणमा राष्ट्रपति संस्थाको विरोध, सेनाको विरोध, संघीयताको विरोधलाई लिन सकिन्छ। यी संस्थाहरूलाई आफ्नो राजनैतिक दर्शनले चिर्नुभन्दा पनि भीडको हो-मा-हो मिलाउनु र लोकप्रतियता हासिल गर्नु नै यसको ध्येय देखिएको छ। शुरूमा धेरै सम्भावना बोकेको रहेतापनि दीर्घकालीन् योजनाको अभाव रहेको यस पार्टीको नेत्तृत्व विगतमा गरेका गल्तीहरूको कारणले लगातार संकटमा आउँदै गरेको र नागरिकता काण्ड, पासपोर्ट काण्ड, अडियो काण्डदेखि सहकारी काण्डमा सरकारले जतिखेर पनि फँसाउन सक्ने हुँदा कुनै आन्दोलनको नेत्तृत्व लिने क्षमता देखिँदैन, र यसको नेत्तृत्वमा राज्यको अगाडि झुक्नु पर्ने बाध्यता सृजित हुँदै आएको छ। आफैंले उठाएका भ्रष्टाचारका मुद्दाहरूमा पनि समेत पछिल्लो समयमा खुलेर बोल्न नसक्नु र चुप लागेर बस्नु यही बाध्यताको उदाहरण हो।  यति भन्दाभन्दै यो पार्टी दीर्घकालीन् योजना बनाएर, आन्दोलन गर्न सके, सबभन्दा बढी सम्भावना बोकेर आउने पार्टी हो।

२०७९ सालको निर्वाचनबाट राष्ट्रिय दलको रूपमा उदाएको **जनमत पार्टीले** आफ्नो आर्थिक राजनैतिक सिद्धान्तको रूपमा सामुदायिक समाजवादलाई अँगालेको छ। यस पार्टीले जनताले प्रत्यक्ष अभ्यास गर्न

सक्ने प्रावधान सहितको जनसम्प्रुता, लोकतन्त्र (प्रत्यक्ष लोकतन्त्र, समावेशी लोकतन्त्र र 'डिजिटल डिमोक्रेसी', राइट टू रिकल, 'राइट टू रिजेक्ट' सहित), सामाजिक न्याय र सामुदायिक समाजवादलाई आफ्नो आधार स्तम्भ बनाएको छ। यो पार्टी गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, लोककल्याणकारी राज्य जस्ता आधारभूत राजनैतिक मान्यताहरू राख्दछ। यसको सामुदायिक समाजवाद (सामुदायिक स्वराज) मार्क्सवादी समाजवाद नभएर लोककल्याणकारी राज्यको विकेन्द्रित अवधारणा मात्रै हो, जुन गान्धीको ग्राम स्वराजसँग प्रभावित छ। यस अर्थमा संघीयताद्वारा शक्ति विकेन्द्रीकरण भएर स्थानीय तहसम्म अधिकार पुगे पछि जितेका स्थानीय तहहरूलाई लक्षित गरेर सो समुदायको स्तरमा समेत गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा प्रभावकारी तरीकाले लागू गर्न सक्ने मान्यताका साथ यस पार्टीले सामुदायिक समाजवादको अवधारणा ल्याएको हो। यसले प्रत्यक्ष लोकतन्त्रको व्यापक अभ्यास प्रत्यक्ष निर्वाचित कार्यकारीदेखि स्थानीय तहसम्मका योजनाहरू निर्धारण गर्न समेत गरिनु पर्ने पक्षमा छ।

भर्खरै २०८० पौष २६-२८ गते **नागरिक उन्मुक्ति पार्टीले** टीकापुरमा आफ्नो प्रथम महाधिवेशन सम्पन्न गरेको छ। जनमत पार्टी झैं उसको राजनीतिक प्रतिवेदनमा समानता देखिन्छ – फगत औपचारिकतामात्र पूरा गर्ने हो भने लयमा आए पनि यस पार्टीले सुशासन, समृद्धि र पहिचानलाई मूलनारा बनाएको छ तर यस पार्टीले वैचारिक राजनीतिक प्रतिवेदनमा "गणतन्त्र नेपालको घोषणासँगै ५८ वर्ष पहिले शुरु भएको नेपालको पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो र नेपाली समाज समाजवाद निर्माणको चरणमा प्रवेश गर्यो" भने गलत निष्कर्ष अरू पार्टीको घोषणापत्रहरूबाट कपी गरेको छ। यस पार्टीले समुदायमा आधारित सङ्घीयता नभएकोले असन्तुष्टि जाहेर गर्दै संविधान अपूरो रहेको, कानून, नीति निर्माण गर्नेहरू एक पक्षीय एकै समूहको भएको, "एकल जातीय नश्लवाद"को विरोध गर्नेहरूले नै एकल राज्य संरचना लागू गरिरहेको भन्दै संसदमा सबै वर्ग र जातको उपस्थिति हुनु पर्ने र थारू, मुस्लिम, मधेशी, जनजातिको लागि स्पष्ट आरक्षित क्षेत्र हुनु पर्ने भनेको छ। पहिचान र जनश्रमदानको महत्व, विचौलियाको निर्मूलीकरण, विदेशी आयात बन्द, स्नातकसम्म राज्यले नि:शुल्क शिक्षा दिने, स्वराजमूलक शिक्षा, महिला उद्यमीको विकास, सामुहिक साना उद्योग, उत्पादनसँग नागरिकलाई जोड्ने जस्ता एजेण्डाहरू यस पार्टीले राखेको छ। राज्यको शासकीय स्वरूपमा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री हुनु पर्ने, सबै तहमा प्रत्यक्ष निर्वाचन प्रणाली लागू हुनु पर्ने, राइट टू रिकल, राइट तू रिजेक्ट जस्ता धेरै एजेण्डाहरू जनमत पार्टी जस्तै छन्। धर्म र संस्कृतिको रक्षा गर्ने, अहिले एक पटक नासिए फेरि नआउने भन्दै गर्दा यो पार्टी संघीयता पक्षधर भएको र प्रदेशको नामाकरणसँग असन्तुष्ट देखिएको छ।

**नेपाल कम्युनिस्ट पार्टी (विप्लव)**को केन्द्रीय समितिको बाहौं पूर्ण बैठकद्वारा पारित राजनैतिक प्रस्तावमा विप्लवले प्रचण्ड-बाबुरामहरूको विचलन तथा आत्मसमर्पण, विश्व बहुध्रुवीकरण हुँदै क्रान्तिको अवस्था निर्माण हुँदैजाने, रुस-युक्रेन युद्धसम्म प्रक्षेपण गरिएको, पूँजीवादी र साम्राज्यवादी शक्तिहरू विरुद्ध साम्यवादी क्रान्तिको अनुकुलता बढने, राष्ट्रिय रूपमा भारतसँगको असमान संधिसम्झौता कारण अर्धउपनिवेश र एमसीसी सम्झौता द्वारा अमेरिकी साम्राज्यको नवउपनिवेशको रूपमा धकेलिएको र यसको लागि नेपाली काँग्रेसभीत्रका दलालल पूँजीपतिहरू जिम्मेबार रहेको तर अन्य कम्युनिष्टदलहरू समेत आत्मसमर्पणवादी चरित्र देखाएको, देश साम्राज्यवादी शक्ति र दलालहरूको चेटामा पर्दै गएकोले राष्ट्रिय स्वाधिनताको संघर्ष उठने सम्भावना रहेको ठान्दछ। विप्लव लगायतका केही समूहहरू यही यथार्थ

बोध भएरै संसदीय प्रणालीमा आउन त्यति उत्साहित देखिँदैन, उनको स्थिति बाध्यात्मक देखिन्छ। विप्लवले चुनावलाई रणनैतिक महत्वको नभएर कार्यनैतिक विषय भन्दै कहिले बहिष्कार र कहिले उपयोग गर्ने नीतिको रूपमा क्रान्तिकारी शक्तिहरूले लिने गरेको तथ्य अंगित गर्दै निराशाजनक शब्दमा गुनासो पोख्छन् "तर सच्चाई यो हो कि लेनिनले नेतृत्व गरेको बोल्शेभिक पार्टी, केही यूरोपियन कम्युनिट् पार्टीहरू र नेपालको जनमोर्चा बाहेक संसदमा पसेका अधिकांश कम्युनिष्टहरू सकुशल फर्किएर आएका छैनन्। संसदीय दलदलमै भासिन पुगेका छन्।" एकीकृत जनक्रान्तिको माध्यमबाट संसदको विकल्प खोज्दै प्रगतिशील संयुक्त सरकार र जनमतसंग्रह मार्फत् दलाल पूँजीवादी राज्यसत्ताको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना गर्नुलाई आफ्नो लक्ष्य मान्छन् जुन आफैंमा अब शास्त्रीय र पुरातनवादी सुनिन्छ। आहुतिहरू पनि वैज्ञानिक समाजवादको नै लक्ष्य लिन्छन् तर उसले पूँजीवादी क्रान्ति नेपालमा नभएको मान्दछन्। आहुतिसँग फरक कहाँ हुन सकिन्छ भने उनले पुन: पूँजीवादि क्रान्ति गर्न सकिँदैन भन्छन्, जबकि यो बिलकुल सम्भव छ।

यसरी देशलाई राजनितिक निकास दिने अभिभारा बोकेका राजनैतिक पार्टीहरूको घोषणापत्र र अद्यावधिक राजनैतिक प्रतिवेदन सर्सती हेर्दा निम्न कुराहरू देखिन्छन्।

१. उनीहरूमा संविधान र व्यवस्था मान्ने र केही सुधार गर्दै जाने पक्षधर अधिकांश छ भने राप्रपा जस्ताले सके संविधानलाई उल्टाएर हिन्दू राष्ट्र सहितको (संवैधानिक) राजतन्त्र स्थापना गर्ने पक्ष लिएको छ।

२. राप्रपा समेत सबैले 'लोकतान्त्रिक" व्यवस्था र "समाजवाद" लाई अँगालेका छन्। संविधानले समेत "लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने" लक्ष्य लिएको छ र सोही अनुरूप भाग ३ मा ३० वटा मौलिक हकहरू सुनिश्चित् गरेको छ। अहिलेको संविधानले मात्रै होइन, पहिलाका संविधानहरूमा लेखिए नलेखिए तापनि कुनै न कुनै स्वरूपमा दुइटै मान्यता रहेका थिए। राष्ट्रिय पञ्चायतमा पनि १२० सदस्य मध्ये १०५ प्रत्यक्ष निर्वाचित भएर आउँथे र त्यतिबेला पनि जनताको लागि नि:शुल्क शिक्षा, स्वास्थ्य र रोजगारी राज्यले उपलब्ध गराउनु पर्ने मान्यता नै थियो। अहिले आएर त सबै पक्ष, सबै पार्टी, संविधान सबैले 'लोकतान्त्रिक" व्यवस्था र "समाजवाद" नै अँगालेका छन्।

३. नेपालमा '**मिश्रित अर्थप्रणाली' रहेको छ र सबै दलहरूले यसलाई समर्थन गरेका छन्। साम्यवादी एजेण्डा बोकेर क्रान्ति** गर्दै १७००० जनताको बलिदानी पश्चात् पनि आएका कम्युनिष्ट दलहरूले समेत अहिलेसम्म पूर्णत: राज्यनियन्त्रित अर्थतन्त्रको वकालत गरेका छैनन्। मिश्रित अर्थप्रणाली अनुसार शिक्षामा निजी विद्यालय र सरकारी विद्यालय, स्वास्थ्यमा निजी अस्पताल र सरकारी अस्पताल, निजी उद्योगहरू र सरकारी उद्योगहरू, ४४ वटा सार्वजनिक संस्थानहरू आदि रहेका छन्।

४. राष्ट्रिय योजना आयोगको योजना तथा दीर्घकालीन् सोच र राजनैतिक पार्टीहरूको मत राष्ट्रिय पूँजी बढाउने, उच्च र दिगो उत्पादन र उत्पादकत्व बनाउने, उच्च आय बनाउने नै प्राथमिक रूपमा रहेको छ। यी भए पछि मात्र अन्य कुराहरूले सान्दर्भिकिता राख्दछ।

५. राष्ट्रिय योजना आयोगले दीर्घकालीन् लक्ष्यमा वि.स. २१०० सम्ममा प्रति व्यक्ति आय १२,१०० डलर राखेको छ। हाल प्रति व्यक्ति आय आ.व. २०७५/७६ मा १०४७ रहेकोमा आ.व. २०७९/८० मा १४१० डलर रहेको छ।

यसले मुख्य रूपमा हामीले तीव्र आर्थिक समृद्धि चाहने र उत्पादनमुखी पूँजी बढाउने कुरा एकातिर छ भने लोकतान्त्रिक र समाजवाद लागू गर्ने अभिभारा पनि छ, र त्यसैले हामीले लागि हामीले मिश्रित अर्थप्रणाली अपनाएका छौं। हामीले हाम्रो व्यवस्थामा भएका केही विरोधाभाष र विशेषताहरू हेरौं। पूँजीवाद, समाजवाद वा तेश्रो मार्गको बहस पुरानो भए तापनि नेपालमा अहिले किन सान्दर्भिक छ भने २०६३ को वृहत् शान्ति सम्झौताबाट साम्यवाद स्थापित गर्ने लक्ष्य लिएका नेकपा (माओवादी) मूलधारमा आएको, नेकपा (एमाले) सँग एकता गरी संसद्मा संविधाननै संशोधन गर्न सक्ने हैसियतको लगभग दुई-तिहाईसम्म ल्याउन सफल भएको र नेपालको संविधान २०७२ ले समेत समाजवाद-उन्मुख अर्थतन्त्रको लक्ष्य लिए पछि यी बहस पुन: जनतामाझ ल्याउनु पर्ने र "समाजवाद" प्रति बस्न गएको स्वत: धारणा प्रति पुनर्विचार गर्नु पर्ने

देखिएको छ। (समाजवादको उल्लेख गर्दा 'वैज्ञानिक' वा 'विकासवादी' समाजवादलाई लिइएको छ, "आदर्शवादी" समाजवाद होइन)।

### 1) हामीकहाँ पूँजीको आकांक्षा गर्ने, अनि पूँजीवादको विरोध गर्ने मानसिकता छ।

हाम्रो व्यवस्थामा प्रथम विरोधाभाष कहाँ छ भने एकातिर हामी पूँजी चाहिरहेका छौं, तर हामी पूँजीवादको विरोध गरिरहेका छौं। नेपाली समाजको अन्तस्थलमै पूँजीवादको विरोध गाडिएको छ। बिना कुनै प्रशिक्षण एउटा विद्यालको बालकले पनि पूँजीवाद भन्ने वित्तिकै तिरस्कार र हेयको भावनाले हेर्ने गरेको छ।

नेपाल सरकारको नेत्तृत्व गरिरहेको नेकपा(माओवादी  केन्द्र)ले आठौं महाधिवेशनको आफ्नो राजनैतिक प्रस्ताव '२१औं शताब्दीमा समाजवादको नेपाली बाटोमा"मा १० प्रमुख धनकुबेरहरूको टेबल नै बनाएर दानवीकरण गरेको छ, यहाँ नामनै उल्लेख गर्न उपयुक्त हुन्छ १. बेर्नाड अर्नल्ट, २ जेफ बेजोस, ३. एलोन मस्क, ४. विल गेट्स, ५. मार्क जुकर वर्ग, ६. वरेन बफेट, ७. ल्यारि एरिसन ८. ल्यारी पेज ९. सर्गेइ ब्रिन १०. आर्मानियो ओर्टेगा।

भनेपछि जुन समाजले जेफ बेजो, एलन मस्क, विल गेट्स, मार्क जुकरवर्ग, ल्यरी एरियस, ल्यारी पेजलाई अपराधी मान्छ, गलत गर्यो भन्ने ठान्छ, विश्वकै १० दानवमध्ये मान्छ भने त्यो नेपाली समाजले कसरी हरेकको डेस्कमा प्रविधी पुर्याउने विल गेट्स वा १६ लाखलाई रोजगारी दिने जेफ बेजोस् वा वा ६ वटा देशबाहेक फ्रांस र इटलीको अर्थतन्त्र भन्दा पनि एक्लै धनी कम्पनी एप्पल पैदा गर्नेछ?

हामीले दुई चारवटा बिल गेट्स वा दुई चार बटा जेफ बेजोस् नेपालमै जन्मिदिए हुने चाहिनु पर्ने होइन? तर हामी के गर्दैछौं, जन्मिनु पहिले पूँजीपतिलाई सराप्दै छौं। त्यो हाम्रो आदर्श पात्र हुन सक्दैन भनेर दानवीकरण गर्दछौं भने तिनीहरू नेपालमा कहाँबाट पैदा हुन्छन्?

अनि अर्को तिर कोही १० लाख रोजगारी दिने, कोही मेची-महाकाली बुलेट ट्रेन बनाइ दिने जति नेपाली नै भइदिने हुने भन्ने रोइलो गर्छौं। हाम्रो आदर्श र अपेक्षा नै विपरीत छ। सानो एउटा मात्रै प्रश्न गरौं: त्यो सूचीमध्ये ५ वटा मात्रै पनि नेपालमा भएको भए के आज नेपाल समृद्ध हुने थियो कि थिएन, घर-घरमा यहीं रोजगारी हुने थियो कि थिएन?

तर हामी धनीको धनसँग तर्सेका छौं। उसको कालोसूची बनाइराखेका छौं। यो समष्टिमा ईर्ष्या हो। मान्छे गरीब कोही धनी भएर भएको होइन। एलन मस्कलाई सोधिएको थियो कि तपाईंले जति रकेटमा खर्च गर्नु हुन्छ त्यति धेरै गरिबी निवारणमा दिएको भए शायद कोही गरीब बच्दैन थिए होला। संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमका निर्देशक डेविड बिज्लेले भनेका थिए यदि इलन मस्कले आफ्नो आयको केही प्रतिशत ६ अर्ब डलर मात्रै खर्च गर्ने हो भने विश्वबाट भोकमरी अन्त्य हुनेछ। जबावमा इलन मस्कले यदि सो अधिकारीले मलाई बुझाइदिने हो भने म अहिले टेश्लाको स्टक बेचेर ६ अर्ब दिन तैयार छु भनेका थिए।

गरीबी र भोकमरीको अन्त्य कुनै पूँजीपतिले पूँजी बाँडदैमा हुने होइन। तर हामीले अझ गरीबी र भोकमरीको लागि जिम्मेबार जेफ बेजोस् र इलन मस्कजस्तालाई दिन्छौं।

सोच्नु पर्ने कुरा के हो भने दुई-चार अर्बपति वा उद्योगी नहुँदा के अरू जनता धनी थिए? समान थिए तर दुइटै निर्धन थिए। तर हाम्रो दिमागमा हालियो कि गरीबीको कारण पूँजीपति हो। हामीलाई सिकाइँदैन कि गरीब उद्यम नगरेको कारणले भएको हो, उल्टा हामीलाई सिकाइन्छ धनीले शोषण गरेको कारणले गरीब भएको हो। जनतालाई हँसिया लिएर पूँजी उत्पादन गर्नेहरूको घाँटी काट्न क्रान्ति गर्न भनिन्छ, बन्दुक बोकेर उनीहरूको छाती छियाछिया पार्न भनिन्छ। धन्य छन् ती सूचीका १० धनाढ्यहरू कि उनीहरू अमेरिकावा अन्य देशमै छन्, नेपालमा भए त बिल गेट्स र एलन मस्कोको छाला काढि सकेका हुन्थे। अनि कहाँबाट नेपालमा बिल गेट्स, जेफ बेजोस् पैदा होस्।

यदि नेपाललाई धनी र समृद्ध बनाउनु छ भने सबभन्दा पहिला नेपाली समाजको अन्त:स्करणमा रहेको पूँजी, पूँजीवाद र पूँजीपति प्रतिको घृणा हटाउनु पर्दछ। विशाल पूँजीको अपेक्षा गर्ने अनि पूँजीवाद र पूँजीपतिसँग शत्रुता गर्ने कुरा हुन सक्दैन।

हामीले अमेरिकाजस्तै, जापानजस्तै विकसित भइदिए हुने भन्छौं, तर पूँजीवादको विरोध गर्छौं। अमेरिका र जापान समाजवाद अँगालेर विकसित भएका होइनन्। जनता पनि दुबई-कतार जस्तै तीव्र विकासको आंकाक्षा गर्छन्, तर पूँजीवादको विरोध गर्दछन्।

देशका नेताहरूले नेपाललाई सिंगापुर बनाउँछु भन्छ तर सिंगापुर समाजवाद होइन, पूँजीवादबाट विकसित भएको हो। देशलाई स्वीट्जरल्याण्ड बनाउने कुरा गर्छन्, तर बिर्सन्छन् कि खुला बजार अर्थतन्त्रले विकसित भएको ९० लाख जनसंख्या र ४१ हजार वर्ग किलोमीटरको स्वीट्जरल्याण्ड २६ क्नान्टनमेंट (प्रदेश) को महासंघ हो ।

## 2) समाजवादी र साम्यवादी दर्शन नेपालको विकासका वाधक हुन् किनकि समाजवाद भाग्यवादी छ

धेरैले समाजवादी र साम्यवादी दर्शन भनेर भेद पनि गर्लाा। तर साम्यवाद बदनाम भइसकेको, जहाँ पनि सर्वसत्तावादको उदय भएको, करोडौंको हत्या भएको, आफ्नै नागरिकको कुनै स्वतन्त्रता नभएको र देशनै कन्सेनट्रेशन क्याम्पमा परिणत हुने साबित भइसके पछि अहिले कम्युनिष्ट पार्टीहरूले समाजवादको खोल ओढेका छन्। मार्क्सको सिद्धान्तमा समाजवाद साम्यवादसम्म पुग्ने आखिरी खुड्किलो हो।

वैज्ञानिक समाजवादी दर्शनले ऐतिहासिक भौतिकवादलाई वैज्ञानिक सारतत्व मान्दछन्। माओवादीले अझ २१औं शताब्दीमा समाजवादको नेपाली बाटोमा" प्रतिवेदनमा "वस्तुवादी निष्कर्ष"को रूपमा सापेक्षतावादको सिद्धान्त, क्वान्टम मेकानिक्स, सूचना प्रविधिको क्रान्ति र डिजिटल युगको प्रारम्भसम्मका कुनै पनि वैज्ञानिक आविस्कारले वैज्ञानिक भौतिकवादको मार्क्सवादी विज्ञानलाई विस्थापन सकेका छैनन्

भन्ने गलत निष्कर्ष निकालेको छ। जबकि आजको विज्ञानले साबित गरिसकेको छ कि पदार्थ त हुँदै हुँदैन, केवल इनर्जी (शक्ति) मात्रै हुन्छ। जतिबेला मार्क्सले कम्युनिष्ट घोषणापत्र १८४८ मा लेखेका थिए त्यतिबेला विज्ञान परमाणुभित्र हेर्न पनि सकेको थिएन, परमाणूलाई त पहिलो पटक सन् १९३२ मा फोडेर हेर्न सकियो। र जति टुक्राउँदै गइयो, थाहा भयो, पदार्थमा पदार्थै रहेनछ। परमाणु भित्र पनि इलेक्ट्रान, अझै स्ट्रिंग थ्योरीसम्म जाँदासम्म भाइब्रेसन अर्थात् ऊर्जा बाहेक केही बच्दो रहेनछ।

तर नेपालमा अझै पनि हामीलाई 'प्रिमिटिभ' न्यूटोनियन भौतिक विज्ञान नै वैज्ञानिक लाग्छ, त्यसपछाडि भएका वैज्ञानिक विकासबाट नेपालका राजनैतिक चिन्तकहरू बेखबर देखिन्छन्। हुन पनि हो, जस्ता प्रकारका मान्छेहरू कम्युनिष्ट आन्दोलनमा जुन परिस्थितिमा लागे, उनीहरूबाट उच्च वैज्ञानिक ज्ञानको आशा गर्न सकिँदैनथ्यो।

कम्युनिष्ट विचारधाराबाट किन नेपाल विकास हुन सक्दैन भने यो माक्र्सको ऐतिहासिक भाग्यवादको धारणामा आधारित छ। समाजवाद भाग्यवादमा आधारित छ, कर्मको सिद्धान्त जस्तै। यसले भन्छ ऐतिहासिकताले गर्दा तिमी गरीब भएका हौ। समाजवाद भनेको ऐतिहासिक भौतिकवादमा खुट्टा रोपेको छ भन्नाको मतलब जे हुन्छ, त्यो इतिहासको कारण ले। यसको मतलब के हो? तपाईंले आज काम गरेर हुँदैन, जे विभेद भोग्नु भएको छ, जे कष्ट भोगिराख्नु भएको छ, जे गरीबी छ त्यो इतिहासको कारणले हो। इतिहास तपाईं बदल्न सक्नु हुन्न, भने पछि आफ्नो स्थिति बदल्ने कुनै उपाय छैन भन्ने दर्शन समाजवाद हो। यसले अकर्मण्यता र लाचारीपन मात्रै ल्याउँछ, समृद्धि र आशा होइन।

यसले भन्छ, समाज कस्तो हुने त्यो मान्छेले तय गर्ने होइन, त्यो वैज्ञानिक ऐतिहासकताले तय हुने हो। यदि सबै कुरा ऐतिहासिकताले नै तय हुने हो भने मान्छेले आज श्रम गरेर आफ्नो भाग्य निर्धारण गर्न सक्ने वा आफ्नो जीवन कस्तो हुने त्यो बनाउने ठाउँ रहेन, त्यो त ऐतिहासिकता द्वरा सुनिश्चित हुने भयो। यो चरम भाग्यवाद हो। एल्डेरिअन साइक्लोजीमा समेत यो सर्वथा अस्वीकार हुने कुरा हो।

विज्ञान जति-जति विकसित हुँदै गयो, उसले 'प्रोबाब्लिटी' को भाषा बोल्न थाल्यो, निश्चितता वा भाग्यवादको होइन। न्यूटोनियन भौतिकवादमा पिण्डहरूको गतिले सबै कुरा निर्धारित हुने भनिएकोमा क्वान्टम मेकानिक्ससम्म आइपुग्दा इलेक्ट्रोन कहाँ हुने भन्ने कुरा समेत निश्चित रूपले भन्न नसकिने भयो। यो तथ्यलाई समाजवादी दर्शनले अस्वीकार गरेको देखिन्छ। डोर बहादुर विष्टको 'भाग्यवाद र विकास' सामाजिक र सांस्कृतिक दृष्टिकोणको भए तापनि समाजवादी दर्शनले त्यसलाई वैज्ञानिक सुनिश्चितताको आवरणमा ढाक्न खोज्दैछ।

समाजवाद धनी बनाउने वा समृद्ध बनाउने राजनैतिक दर्शन नै होइन, यो सबैलाई गरीब बनाउने दर्शन हो।

### 3) समाजवादी दर्शनले  धर्म र पहिचान स्वीकार गर्दैन

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश हो र नेपालका सबै जनतालाई आ-आफ्नो जातजाति, भाषा, धर्म र संस्कृति प्यारो छ। त्यही भएर नेपालमा विभिन्न समुदायहरूद्वारा पहिचानको र पहिचानयुक्त संघीयताको लडाँई पनि चलिरहेको छ। यो हरेक जनताको भावनासँग जोडिएको कुरा हो। तर समस्त कम्युनिष्टको दर्शनले भौतिकवादलाई मात्रै स्वीकृति दिन्छ अर्थात् मानव शरीर बाहेको केही पनि होइन, जे देखिन्छ त्यही हो। कुनै भावना, आत्मा, परमात्मा स्वीकार्दैन। र त्यही भएर कम्युनिष्टले व्यक्तिगत स्वतन्त्रताको बारेमा सोच्न सक्दैनन्। सबै समान भनि दिए पछि, सबै यान्त्रिक रूपमै समान भए पछि,  पहिचानको बारेमा परिकल्पना गर्न सक्दैनन्। धर्मलाई मान्न सक्दैनन्। त्यसैले भएर बामपन्थीहरूले पहिचानको आन्दोलनलाई स्वीकार्न सक्दैनन्। सांस्कृति र आध्यात्मिक आकांक्षालाई बुझ्न सक्दैनन्।

समाजवादमा धर्मको कुनै अस्तित्व रहँदैन। समाजवाद भनेकै भौतिकवादी व्यवस्था हो जसले मानवलाई पदार्थभन्दा बढी केही भन्दैन। भावना ,आस्था र धर्म उसको परको विषय हो। पूँजीवादले धर्ममाथि आस्था राख्छ ताकि चोरी गर्नु हुँदैन, अरूको खोस्नु हुँदैन, भगवान्सँग डर भन्ने कुराले उसको संरक्षण हुन्छ। समाजवादी व्यवस्थाले पूँजीपतिहरूलाइ मेटाउने कुरा गर्ने हुनाले त्यसभन्दा अगाडि धर्मव्यवस्थालाई मेटाउनु पर्ने अपरिहार्य हुन जान्छ। जसले गर्दा खेरि समाजवादले पहिला धर्मलाई अस्वीकार गर्दछ।

समाजवादले राज्य नियन्त्रित केन्द्रीकृत नीति लिने हुने अन्य प्रादेशिक वा सामुदायिक इकाईहरूमा अधिकार दिँइदैन, बरू राज्यले झन् केन्द्रीकृत नीति लाद्ने काम गर्दछ। राज्य संयन्त्र शासकवर्गको हितमा अरूवर्गलाई दबाउनमा हतियारको रूपमा प्रयोग हुन्छ। तसर्थ समाजवादी व्यवस्थामा नेपालका आदिवासी जनजाति, नेवार, मधेशी, मुस्लिम, थारू सहितका सीमान्तकृत वर्गले पनि आफ्नो पहिचान पाउने र अधिकारको अभ्यास गर्ने सम्भावना हुँदैन। उनीहरूले आ-आफ्नो प्रदेश वा क्षेत्र वा समुदायमा विकास गर्न खोजे पनि केन्द्रीकृत नीतिले त्यसमा निषेध गर्दछ।

### 4) समाजवादी दर्शनले हिंसा र तानाशाही प्रोत्साहन गर्दछ

मार्क्सवादी वा वैज्ञानिक समाजवाद द्वन्द्वात्मक भौतिकवादमा आधारित छ। यसले मान्छेलाई पदार्थ भन्दा बढी मान्दैन। त्यसैले समाजवादी दर्शनले हिंसाद्वारा नै सत्ताको उलटफेरको परिकल्पना गर्दछ र लाखौं मान्छेको हत्या गर्न पछि पर्दैनन्। यो सम्भव हुन्छ किनकि उनीहरूको लागि मानव शरीर कुनै रोबोट वा यन्त्रभन्दा बढी केही होइन, केवल भौतिक हो। मार्क्सको नजरमा मान्छे केवल पदार्थ हो, अरू केही होइन् जसले गर्दाखेरि मार्दा र नमार्दा केही कुराको क्षति हुँदैन। विश्वमा कम्युनिष्टहरूले २०औं शताब्दीमा झण्डै ११ करोड मान्छेको निश्रृंश हत्या गरेका छन्। सोभियत संघमा स्टालिनले लाखौंको हत्या गर्न सके। नेपालमा माओवादीहरूले १७००० को निर्ममतापूर्वक हत्या गर्न सके, र अहिले पनि गोली चलाउन वा दमन गर्न कतै पछि पर्दैनन्, कतै हच्किदैनन्। जुन माओवादीहरूले निर्दोष शिक्षकका छाला काढीकाढी, अंग टुक्राटुक्रा काटेर हत्या गर्न सक्थे, उनीहरूमा कुनै मानवीय संवेदनाको आशा गर्नु निर्थक हुनेछ। अहिले पनि त्यही कुरा नेकपा(माओवादी केन्द्र) सरकारमा रहँदा देखिन्छ।

समाजवाद भनेकै दुई वर्गहरू बीचको द्व्द र त्यसमध्ये एउटा वर्गको विनाश हो। समाजवादले वर्गविहीन समाज निर्माण हुँदैन, शासक र शोषित वर्ग झन् निस्किन्छ। अहिले सरकारमा भएका पार्टीका कार्यकर्ता र आमजनता बीचको द्वन्द्वलाई हेर्न सकिन्छ। २०४९ साल माघमा एमालेको पाँचौं महाधिवेशनमा तत्कालीन महासचिव जननेता मदनकुमार भण्डारीले पेश गरेको जबजको ड्राफ्टमा लेखेकै छन्: "मार्क्सवादी दृष्टिकोणअनुसार राज्य भनेको वर्गीय हुन्छ। राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो ।"

समाजवादको अर्को दृष्टिकोण छ – राज्य-पूँजीवाद।  राज्यसँग त त्यसैपनि राजनैतिक अधिकार छ नै। धनको अधिकार पनि उसैसँग भयो भने त्यसले सर्वसत्तावादको जन्म दिन्छ। यदि पूँजी विकेन्द्रीयकरण भई व्यक्तिको हातमा हुँदा त व्यक्ति शक्तिशाली हुन्छ भने राज्यको हातमा भयो भने राज्य कति शक्तिशाली र निरंकुश हुनेछ, अनुमान गर्न सकिन्छ। समाजवादले भन्छ कि पूँजी राज्यसँग होस्। जब व्यक्तिसँग पूँजी हुँदा हानी गर्न सक्छ, भने सेना, बन्दुक र वैधानिकता भएको राज्यसँगै पूँजी पनि भइ दिने हो भने राज्यले के गर्दैन? अहिले त पूँजी जनतासँग हुन्छ र राज्यले कर लिन जिम्मेबारपूर्ण व्यवहार गर्नु पर्ने हुन्छ। तर सारा पूँजीको आधिपत्य नै राज्यसँग भइदिने हो भने जनतालाई कसले किन सोध्छ? उनीहरूले भनेजस्तो समाजवादले राज्य गौण हुने पनि होइन ('विदरिंग अवे अफ् स्टेटस्')। सम्पत्तिको अधिकार समेत राज्यसँग आए पछि राज्य त झन्झन् शक्तिशाली हुन्छ।

कम्युनिष्टहरू जतिजतिबेला सरकारमा जान्छ, र जतिजति धन आर्जन गर्दछ, त्यति-त्यति यिनीहरूको फासीवादी चरित्र उदांगो हुँदै आएको छ। कम्युनिष्टहरूको दुई-तिहाई हुँदा संसद् नै विघटन गरेको इतिहास हामीले विर्सनुहुँदैन। आज किन माइतीघर मण्डला, बानेश्वर क्षेत्र, पुल्चोक क्षेत्र सहितमा महिनौंदेखि निषेधित क्षेत्र भनेर घोषणा गरिएको छ ? किन धोती लगाएर जुलुस निकाल्दा आफ्नै संघीय मन्त्री र राष्ट्रिय अध्यक्षलाई गिरफ्तार गरिन्छ?  किन बालकुमारीमा दुई युवकको हत्या गर्न राज्य तम्सिन्छ ?  किनकि समाजवादी राज्यमा विरोधको कुनै गुञ्जायस हुँदैन। विरोधी विचारधारा स्वीकार्य नै हुँदैन। मार्क्स, लेनिन, स्टालिन, ट्राटस्की जस्तो विद्रोही कोही पनि समाजवादी व्यवस्थाबाट निस्किन सक्दैन।  रूसमा कम्युनिष्ट आउनु पूर्व १९१७ अगाडि एकसे एक प्रतिभावान् र बुद्धिमान व्यक्तिहरू निस्किएका थिए। तर कम्युनिष्ट आए पछि कुनै कला, साहित्य सबै क्षेत्रबाट विद्रोह नै हरायो।

समाजवाद सामन्तवाद भन्दा फरक व्यवस्था हुँदै होइन यदि राज्यलाई व्यक्ति सरह मानियो भने र नेपालको सन्दर्भमा चार जना नेताहरू भन्दा पनि फरक नपर्ला। त्यो कति खतरनाक छ देखिराखेका छौं। राजाको हातमा शक्ति केन्द्रित हुँदा जगत र जनतालाई बुझाउन सकियो कि यहाँ लोकतन्त्र छैन र लोकतन्त्रको लागि आन्दोलन हुन सक्यो। तर अब त लोकतन्त्रको आडमा राज्यको पूरा शक्ति चार जना नेतामा शक्ति केन्द्रित छ। चार जना नेताको विरोध भयो कि लोकतन्त्र खतरामा पर्यो, लोकतन्त्रमा हमला गर्यो भनेर चारैतिर निषेधाज्ञा जारी गर्छन्। यी चार नेताका भ्रष्ट छोराछोरीमाथि प्रश्न उठ्यो भने गणतन्त्रमाथि प्रहार भयो भन्दछन्। अब आक्रमण गर्न गार्-हो छ। आक्रमण भयो भने सामाजिक संजाल नै बन्द गरिदिन्छन्।

## 5) समाजवादमा कुनै उत्प्रेरणा शक्ति हुँदैन

हरेक व्यक्तिलाई बढीभन्दा बढी काम गर्न, बढीभन्दा बढी उत्पादन गर्न उत्प्रेरणा चाहिन्छ। त्यो निजी पूँजीको रूपमा पूँजीबादमा नै सम्भव छ, निजी सम्पत्तिको आंशिक वा पूर्ण विरोध गर्ने समाजवादमा हैन। समाजवाद भनेकै आश्रित हुने व्यवस्था हो।

म केन्द्रीय कारागार (भद्र जेल) मा हुँदा एकदिन भाइनाइकेलाई अनुरोध गरें: अलिकति राम्रो बस्ने व्यवस्था गरौं, कैदीहरूलाई किन अनावश्यक दु:ख दिने? उनले भनेका थिए: यिनीहरूलाई यहाँ कष्ट नहुने हो, राम्ररी सुत्न र दुई छाक खान पाउन हो भने धेरैजसो यहाँबाट निस्किन नै मान्दैनन्, झन् फर्किफर्कि जेलै आउँछन्। नेपालमा आवश्यकताको स्तर त्यतिमा सिमित छ। डर लाग्छ यदि यसैले राष्ट्रिय आकांक्षाको स्वरूप धारण गर्ने हो भने राज्यले दुई छाक खाना, दुई जोड़ कपडा र बस्ने ठाउँको व्यवस्था गरिदिने हो भने तीन-चौथाई जनसंख्या केही गर्नु पर्छ भनेर सोच्ने पनि छैनन्।

बेलायतजस्ता देशहरूमा आफूलाई 'बैंकरप्ट' (टाट पल्टेको) घोषणा गर्न सकिन्छ र त्यो घोषणा गरेपछि राज्यको तर्फबाट खान बस्नका लागि सेवा-सुविधा पाइन्छ तैपनि अन्तिम विकल्प रहेसम्म त्यहाँका मान्छेहरू त्यस्तो घोषणा गर्दैनन्, त्यस्तो घोषणा गर्नुलाई कलंकको रूपमा लिन्छन्। तर नेपालमा 'गरीब परिचयपत्र' बनाउन लडाईँ हुन्छ, भने पछि नेपाल कसरी धनी बन्न सक्छ?

मस्लोको आवश्यकता पीरामिडको सिद्धान्तअनुसार मानवको आवश्यकता शारीरिक आवश्यकता (गाँस, बाँस, कपास, आराम, भौतिक सुविधा), सुरक्षा आवश्यकता (जागिरको सुरक्षा, सुरक्षित कार्यअवस्था, उचित पारश्रमिक, सुविधा), सामाजिक आवश्यकता (सहकर्मी, सुपरिवेक्षक र ग्राहकको राम्रो व्यवहार, समाजमा स्वीकार्यता, सामाजिक संगठनमा संलग्नता), अहम् आवश्यकता (आत्मसम्मान, उच्च तथा मर्यादित ओहदा, इज्जत तथा प्रतिष्ठा, स्वतन्त्रता, प्रशंसा) र आत्मसन्तुष्टिको आवश्यकता (आत्मबोधद्वारा सिर्जनशील तथा चुनौतीपूर्ण कामको अपेक्षा, स्वायत्तता र स्वतन्त्रताको अपेक्षा) पिरामीडको तल्लो हिस्सादेखि माथिल्लोतिर साँगुरिँदै गएको हुन्छ। मान्छेको तल्लो स्तरको आवश्यकता राज्यले नै पूर्ती गरिदिए पछि उसमा काम गर्ने उत्प्रेरणा नै हराएर जान्छ।

देशका सरकारी कार्यालयहरूको अवस्था हेर्नुस्, व्यक्तिगत रूपमा प्रत्यक्ष लाभ हुने नदेखिए पछि कर्मचारीहरू दिनभरि घाम तापेर बसिरहेका हुन्छन्। काम भयो कि भएन कुनै मतलब राख्दैनन्। कहिले बत्ति गयो त कहिले सर्भर डाउन भयो भनेर त भोलि आउनु भनेर मात्रै भन्छन्।

आन्तरिक रूपमा उत्प्रेरण नभए पछि तपाईं अनुगमनमाथि अनुगमन राखेर पनि जबरजस्ती काम गराउन सक्नु हुन्न, बरू त्यो प्रतित्पूपादक हुँदै जान्छ।

उत्प्रेरणको अभावमा समाजवादले कुनै नौलो आविष्कार गर्दैन र समाज औसतस्तरको समाज निर्माण गर्दछ। कुनै कुरा देखाओस् जहाँ समाजवादले आविष्कार गरेको होस्। वैज्ञानिक पेटेन्टको ठूलो पूँजीवादी

संयुक्तराज्य अमेरिका र १९७८ पछि पूँजीवाद अँगालेको चीनसँग छ। सोभियत यूनियनमा कम्युनिष्ट आउनुअगाडि एक-से-एक लेखक र बुद्धिजीवीहरू हुन्थे, तर कम्युनिष्ट आए पछि त्यो क्रम बन्द भएर गयो।

सबैलाई धनी बनाउने तरीका समाजवादसँग छैन, सबैलाई गरीब बनाउने तरीका चाहिँ समाजवादसँग छ। समाजवादमा करोडपति हुने के व्यवस्था छ ? पूँजीवादमा छ। धन उत्पन्न गर्ने, पूँजी सृजना गर्ने ताकक पूँजीवादसँग नै छ। समाजवाद पूँजीलाई पुनःवितरण गर्न सक्छ, उत्पन्न गर्न सक्दैन। यदि समाजवादलाई पूँजी आर्जित गर्ने माध्यमको रूपमा प्रयोग गर्न थालियो भने त्यहाँ बल र हिंसाको प्रयोग गर्नु पर्नेछ, कुनै व्यक्तिगत स्वतन्त्रता रहँदैन। बन्दुकको नाल राखेर १२ घंटा – १६ घंटा काम गराउनु पर्ने हुन्छ। तर हामीलाई आज समाजवादको ज्वरो चढेको छ – जसको घोषणापत्र हेर्यो समाजवाद, जता टिवीमा चर्चा गर्यो समाजवाद।

समाजवादमा योग्यताको कुनै मूल्य हुँदैन र समाजवादमा रचनात्मकतामा रोक हुन्छ। त्यही भएर नेपालमा आर्युवेद पढेको मान्छे ऊर्जा सचिव भएर आउँछ।  पूँजीवादमा नै हरेक व्यक्तिला आ-आफ्नो दिशामा अगाडि बढ्न छूट हुन्छ।

आज नेपाली वामपन्थी राजनैतिक दलका घोषणपत्र र राजनैतिक प्रतिवेदन हेर्नु भयो भने  सोवियत संघ र चीनको प्रगतिलाई मोडल मानेर पूँजीवादको विरोध र समाजवादी व्यवस्थाको सफलताको रूपमा चित्रित गरेर दिग्भ्रमित गरिन्छ। जबकि चीनमा माओको सन् १९७६ मा मृत्युपश्चात् सन् १९७८ देखि देङ् सियापिङले अँगालेको उदारवादी नीति, बजार अर्थतन्त्र र निजी उद्यमले गर्दा चीनको तीव्र आर्थिक विकास भएको हो। चीन संसारको सबैभन्दा खुला बजारहरू मध्ये एक हो र 2020 मा संयुक्त राज्य अमेरिकालाई पछाडि पार्दै विदेशी प्रत्यक्ष लगानीको सबैभन्दा ठूलो प्राप्तकर्ता पनि हो। तर नेपालका कम्युनिष्टहरू हामीलाई उदाहरण दिन्छन् रूस र चीनले समाजवाद मार्फत् प्रगति गर्यो।

### 6) श्रम असान्दर्भिक हुँदैछ, अतिरिक्तमूल्यको सिद्धान्तको सान्दर्भिकता रहेन,

मार्क्सले श्रमको अतिरिक्त मूल्यको सिद्धान्तको कुरा गर्दछ र त्यो अतिरिक्त मूल्य श्रमिक वर्गमा नजाँदा शोषण भएको ठान्दछ। तर अब श्रमिकलाई काममा नलगाउने हो भने त्यसले आखिर पूँजी निर्माण नै कहाँ गर्दछ? अर्को कुरा श्रमिकलाई शारिरीक र बौद्धिक दुइटै क्षेत्रमा यान्त्रिक र आर्टिफिशियल इन्टेलिजेन्सले विस्थापित गर्दैछ। अब श्रमिकको सान्दर्भिकता समाप्त भइराखेको बेलामा श्रमिक सेतो हात्तीको रूपमा परिणत हुँदैछ।  आज यन्त्र र रोबोटले मानिसको श्रमलाई धेरै हदसम्म विस्थापित गर्दैछ। जुन कुरा श्रमले हुन्थ्यो, उदयोगहरूमा त यान्त्रिकीकरणले विस्थापित भइनै सकेको थियो तर सेवाको क्षेत्रमा समेत जहाँ मानवीय गुण नभइ हुँदैनथ्यो, त्यहाँ पनि रोबोटले विस्थापित गर्दैछ। यहाँसम्मकि बुद्धि आवश्यक हुने, प्रोग्रामिंग गर्ने, लेख लेख्ने जस्ता कुरामा पनि श्रम विस्थापित हुँदैछ। भनेपछि श्रमलाई नै आधार मानेर अब देश बन्नेवाला छैन, श्रमको मूल्य मात्रै लिएर देश धनी हुन सक्दैन। पूँजी निर्माण गर्नु अपरिहार्य हुनेछ।

श्रम खोलामा बग्ने पानी जस्तै हो, जति प्रयोग गर्न सके गर्ने अन्यथा खेर नै जान्छ। श्रमलाई आफैं संचय गर्न सकिँदैन। श्रमलाई संचित गर्ने हो भने त्यसलाई पूँजीमा परिवर्तन गरेर मात्र श्रम सञ्चय गर्न सकिन्छ।

नेपाल झन् यस मामिलामा अगाडि बढ्दैछ – नेपालमा उच्च शिक्षा प्रति आकर्षण घट्दै हामी अन्तराष्ट्रिय श्रम बजारको माल बनिराखेका छौं। अन्तराष्ट्रिय बजारमा हामी श्रम बेचिराखेका छौं र देश र सरकारनै बिचौलिया बनेको अवस्था छ। यस्तो बेलामा श्रमको अतिरिक्त मूल्यको चाहेर पनि हामी अन्तर्राष्ट्रिय बजारबाट फिर्ता गराउन सक्दैनौं। नेपालमा श्रमिक वर्ग पैदा त भयो तर उनीहरूले श्रम नेपालमा गर्दैनन्। अनि नेपाली श्रमबाट पूँजी बाहिर निर्मित भइराखेको छ र नेपालको संविधानले ल्याउन खोजेको समाजवाद बाहिरका पूँजीपतिलाई समातेर काटेर ल्याउन सकिँदैन। नेपालमा भए त कतिपटक उनीहरूको विरोधमा बन्दुक उठिसक्थे, तर के गर्नु पूँजीको सृजना र पूँजीपति पनि देशबाहिर छ।

नेपालसँग यदि पूँजी छैन भने विश्वबाट पूँजी ल्याउन सक्नु पर्दछ। तर नेपाली समाज कति संविभ्रमित छ भने बाहिरबाट आएर कसैले उद्योग लगायो भने यसले त हामीलाई चुसेर लग्दैछ, दिनहुँ बन्द हड्ताल गराउने तिर लाग्दछौं। अनि तिनीहरु छोडेर जान बाध्य हुन्छन। गैरआवासीय नेपालीहरूले नै कति लगानी गर्न सक्थे, तर हामीले उनीहरूको लागि वातावरण बनाउन सक्दैनौं।

### 7) समाजवाद लोकरिँझ्याईं हो

नेपालका राजनैतिक पार्टीहरूले जनताबाट मत पाउनका लागि एक अर्कासँग प्रतिस्पर्धा गर्नु छ। त्यही भएर सदियौंदेखि जनतालाइ भन्ने कुरा नै हो तिमीलाई नि:शुल्क शिक्षा दिन्छु, नि:शुल्क औषधी दिन्छु, नि:शुल्क बिजुली दिन्छु। त्यति मात्रै भनेनन् अब त नि:शुल्क मलेशिया लग्दिन्छु पनि भन्न थाले। एउटा पार्टीले २० यूनिट बिजली नि:शुल्क गर्ने घोषणा गर्छ भने अर्को पार्टीले ३० यूनिट बिजुली नि:शुल्क गर्ने घोषणा गर्छ। एउटाले १००० रूपैया वृद्ध भत्ता दिने घोषणा गर्दछ भने अर्कोले २००० रुपैया वृद्ध भत्ता लिने घोषणा गर्दछ। २०६८/६९ मा वृद्धभत्ताको लागि राज्यको खर्च पौने १० अर्ब खर्च रहेकोमा अहिले सवा १ खर्ब हुन पुगेको छ। हुँदाहुँदा जुन युवाहरूलाई श्रम र उद्दम गर्न प्रोस्ताहित गर्नु पर्थ्यो तिनीहरूलाई पनि बेरोजगारी भत्ता दिइन थाल्यो। बेरोजगारी भत्ता मासिक २५००० बनाइदिओस्, अनि हेरौं त कतिले काम गर्छ ? त्यही भएर यो समाजवादको मोडल नै सर्वथा अनुत्पादक मात्रै होइन, स्थूल समाज पैदा गर्ने खालको छ।

### 8) राज्यले जे मा हात हालेको छ, त्यहीं असफल भएको छ

सरकारले चलाएको सरकारी विद्यालय, अस्पताल र उद्योगहरूको हालत के छ, आम जनताले आफैंले बुझेका छन्।

सार्वजनिक संस्थान चलाउन ६ खर्बभन्दा धेरै लगानी गरेको सरकारको जम्मा प्रतिफल १ प्रतिशत रहेको छ। ती सार्वजनिक संस्थानहरू मध्ये नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, दुग्ध विकास संस्थान, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी, हेटौंडा सिमेन्ट, नेपाल औषधि लिमिटेड, नेपाल ओरिण्ड म्याग्नासाइट, बुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी, धौवादी फलाम कम्पनी, नेपाल वन निगम,

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, नेपाल रेल्वे कम्पनी, नेपाल टेलिभिजन, राष्ट्रिय आवास कम्पनी, नेपाल खानेपानी संस्थान, , नेपाल विद्युत प्राधिकरण, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल स्टक एक्सचेन्ज, हाइड्रो इलेक्ट्रिसिटी कम्पनी, नेपाल बैंक, राष्ट्रिय बिमा कम्पनी, राष्ट्रिय बिमा संस्थान (जीवन), प्रसारण ग्रिड कम्पनी, विद्युत उत्पादन कम्पनी, नेपाल दूरसञ्चार कम्पनी, जनक शिक्षा सामग्री केन्द्र, गोरखापत्र संस्थान, साझा यातायात, पूर्वाधार निर्माण कम्पनी, नागरिक उड्यन प्राधिकरण, पारवहन तथा गोदाम व्यवस्था कम्पनी, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, खाद्य व्यवस्था तथा व्यापार कम्पनी, कृषि सामग्री कम्पनी, उदयपुर सिमेन्ट, जनकपुर चुरोट कारखाना रहेका छन्। यहाँ नामै किन लेख्न चाहें भने नामले नै आमजनताले ती संस्थानहरूले कस्तो काम गर्दैछ भनेर थाहा पाउनेछन्।

यी सार्वजनिक संस्थानहरूलाई राज्यमा संरक्षण र एकाधिकार पाए पनि घाटामा छ। इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट ने.रू. ८४ रूपैयाँमा किनेको पेट्रोल १४२ रूपैयाँमा बिक्री गर्दा पनि नेपाल आयल निगमलाई घाटामा गइरहेको हुन्छ। किन ? सार्वजनिक संस्थानहरूमा किन यस्तो हुन्छ? किनकि त्यहाँ कुनै कर्मचारीलाई मतलब छैन कि त्यो संस्थान सफल होस् कि असफल, नाफामा जाओस् कि घाटामा। बरू उसलाई त असफल गर्नका लागि कर्मचारीहरूलाई बढी फायदा हुन्छ र त्यही भएर असफल गर्न नै लागेका हुन्छन्। सरकारी वायुसेवा निगम जसरी अनियमित र असफल भयो, जनकपुर चुरोट कारखाना जसरी असफल भयो, त्यसमा त्यहींका कर्मचारीहरू लागेका थिए।

के सरकारी कार्यालय वा सरकारी स्वामित्वमा रहेका संस्थानहरूमा जे भइरहेको छ, त्यही प्रणाली हामी हरेक ठाउँमा ल्याउन चाहन्छौं? यदि चाहन्छौं भने सरकारी कार्यालयमा जुन बेथिति, भ्रष्टाचार र कर्मचारीको मनपरी छ, त्यही अरू ठाउँमा पनि आउने हो।

## 9) लोकतान्त्रिक समाजवाद भ्रम हो

जसरी बाँझोको छोरा वा कुमारी नगरवधू शब्दहरू भ्रमपूर्ण छन्, त्यसरी नै लोकतान्त्रिक समाजवाद भन्ने कुरा भ्रम हो, जुन नेपालको संविधान र अधिकांश पार्टीहरूले अंगीकार गरेको व्यवस्था हो। यी दुइटै परस्पर विरोधी शब्दहरू हुन् र लोकतान्त्रिक समाजवाद भन्ने कुराको अस्तित्व नै हुँदैन।

लोकतन्त्र केवल संख्याको खेल होइन, कि बहुमत भयो भन्दैमा जे पनि हुने वा गर्न पाइने। त्यसो भए त नेपालमा हिंदूहरूले सबै मुस्लिमहरूलाई मार्ने निर्णय गरे स्वीकार्य होला? लोकतन्त्रका केही मर्यादाहरू हुन्छन्। पहिलो, कि बहुमतले अल्पमतलाई हानी गर्ने छैन। दोस्रो, हरेक व्यक्तिलाई बाँच्न, कमाउन, खान र धन आर्जन गर्ने स्वतन्त्र रहन्छ। तेस्रो, कुनै व्यक्तिमाथि पनि कुनै प्रकारको अन्याय नहोस् भन्ने कुराको सुनिश्चितता लोकतन्त्रमा रहन्छ। लोकतन्त्र वर्गभन्दा टाढा हुन्छ: कोही गरीब, कोही धनी, कुनै जाति धर्म अनुसार हेरर उसलाई लोकतान्त्रिक मान्यता र अधिकारसम्म पहुँच हुने वा नहुने हुँदैन। लोकतन्त्रले समाजलाई वर्गमुक्त रूपमा हेर्दछ। जबकि समाजवादको आधारभूत धारणा नै वर्गसंघर्ष हो – एउटा वर्गको पक्षमा अर्को पक्षलाई समाप्त पार्ने र राज्यसत्ता त्यसलाई प्राप्त गर्ने साधनको रूपमा प्रयोग भएको हुन्छ।

समाजवाद ल्याउन लोकतन्त्र र यसका आधारभूत मान्यताहरूको हत्या गर्नै पर्छ। राज्यलाई पूँजी हस्तान्तरण गर्नु वा राज्यद्वारा पूँजी एक वर्गबाट खोसेर अर्को वर्गलाई दिन शक्तिको प्रयोग अनिवार्य हुन जान्छ, त्यो स्वेच्छिक वा लोकतान्त्रिक रहन सक्दैन। राज्यले जमीन मागे जमीन दिनु पर्छ। राज्यले सम्पत्ति मागे सम्पत्ति दिनु पर्छ। ५०% जति कर नै मागे त्यति दिनु पर्छ। त्यसैले समाजवादमा शक्तिको प्रयोग वा तानाशाही अनिवार्य रूपले जोडिएर आउँछ। एकैचोटि सशस्त्र क्रान्तिद्वारा लोकतन्त्रलाई मेटाउने काम भयो भने साम्यवाद, तर क्रमिक रूपले राज्यको नीतिद्वारा मेटाउने काम भयो भने त्यसलाई नै समाजवाद भनिन्छ। समाजवादमा लोकतन्त्र झूठा हुन्छ। निर्वाचन गराउनु मात्रै लोकतन्त्र होइन, स्टैलिनले ९९% मत ल्याएर जित्थे।

समाजवादका लागि साहित्य किन धेरै उपलब्ध छन् भने जुन कुराको अस्तित्व हुँदैन त्यसलाई बढी ब्याख्या गर्नु पर्ने हुन्छ।  कम्युनिष्टहरूले किन हजारौंहजार पानाका किताबमाथि किताब लेख्नु परेको छ, भाषणमाथि भाषण दिनु परेको छ, शब्दजालमाथि शब्दजाल बिछाउनु परेको छ भने जुन कुराको मानव जीवनले स्वभाविक र प्राकृतिक रूपमा समर्थन गरेको छैन, त्यो कुरालाई सिद्ध गर्नु परेको छ। राष्ट्रिय पूँजी बढाउनका लागि लागि अनेकौं दार्शनिक व्याख्याहरू गर्नु परेको छ, तर व्यक्तिगत उत्प्रेरणाको अभावमा त्यो हुन सकिरहेको छैन।  खुश्चेव, स्टैलिन सबैले बन्दुकको नोंकमा  काम गराए। आज त्यो बन्दुकको नोंक राखेर कसैसँग काम गराउनु लोकतान्त्रिक व्यवस्थामा सम्भव छैन। न त बन्दुकको बलमा कसैको निजी सम्पति हरण गर्नु नै लोकतान्त्रिक मानिएला।

जसरी चोरी रोक्न चार वेद, अठारह पुराण लेख्नु पर्यो तैपनि बन्द भएन, ईश्वरलाई सर्वव्यापी पहरेदार बनाइँदिँदा पनि रोकिएन, शास्त्र र सिद्धान्तले समाधान दिन सक्दैन। चोरी रोकियो भने १०० रूपैयाँको ताल्चाले रोकियो। त्यसैले आदर्शवादी दर्शनको माध्यमले आर्थिक प्रगति हुन सक्दैन, त्यसको इन्जिनियरिंग समाधान नै चाहिन्छ।

राज्यले समानता त दिन सक्दैन, तर स्वतन्त्रता खोस्छ। समाजवादमा विरोधको गुञ्जायस हुँदैन। राज्यको विरोध गर्न पाइँदैन। यहाँसम्म कि पूँजीवाद ठूलो कि समाजवाद राम्रो – यो प्रश्न पनि पूँजीवाद मैं गर्न पाइन्छ, समाजवादमा होइन। माओवादी सत्तामा रहँदा शान्तिपूर्ण आन्दोलनहरूमाथि समेत हुने गरेको दमन हामीले हेर्न सक्छौं। स्वतन्त्रता सर्वाधिक मूल्यवान् कुरा हो र परतन्त्रता सबैभन्दा ठूलो अभिशाप। विचारको स्वतन्त्रता लोकतन्त्रको प्राण हो। लोकतन्त्र पूँजीवादमा मात्रै सम्भव छ, समाजवादमा होइन।

### 10) पूँजीवादी क्रान्तिपछि मात्रै समाजवाद सम्भव छ

समाजवाद हामीले नचाहेको होइन, तर पूजीवादी व्यवस्था प्रौढ नभएसम्म समाजवाद अपरिपक्य व प्रिम्याचूर बच्चा जस्तै हो। तर नेपालको घोषणा गर्न हतार थियो, को पहिला वा कसले के ल्यायो भनेर श्रेय लिने होड थियो। त्यही भएर पूँजीवादी क्रान्ति नभए तापनि समाजवाद-उन्मुख देश भनेर लक्ष्य लिइयो।

लोकतान्त्रिक समाजवादलाई छोडेर, सामाजिक लोकतन्त्र दर्शनलाई अँगालेर नेपाली राजनीतिमा देखिएको दार्शनिक विचारको खडेरीलाई चिर्दै अगाडि बढ्नु पर्दछ। यसको मतलब हामी समाजवाद नचाहेको होइन, तर नेपाली समाजमा पूँजीवादी क्रान्ति नभएको हुनाले हामी त्यो अवस्थामा अहिले पुगेका छैनौं। जुन दिन पुग्नेछौं, स्वत: समाजवाद आउनेछ।

नेपालले मिश्रित अर्थप्रणाली अपनाउनेभन्दा पनि आर्थिक उत्पादन प्रणाली निजी क्षेत्रलाई दिने र सोही उत्पादनको प्रणाली राज्यले प्रयोग गरेर उपलब्धिलाई समन्यायियक वितरण गर्ने दिशा तिर अग्रसर हुनु पर्दछ।

उदाहरणको लागि यसले शिक्षा क्षेत्रमा कस्तो परिवर्तन ल्याउनेछ, हेरौं। सरकारले विद्यालयदेखि विश्वविद्यलय खोल्ने र चलाउनेकाम बन्द् गर्नु पर्दछ। सरकार यसको लागि सक्षम छैन। सरकारसँग राम्रो गर्ने अभिप्रेरणा छैन र राम्रो नगरे सजाय भोग्नु परेको छैन। यस्तोमा निम्नस्तरको लथालिंग व्यवस्थाको सिर्जना गरेर आमजनताको बच्चाहरूको भविष्य बिगार्नु राज्यको लागि उपयुक्त होइन। तसर्थ सबै बालविकास, विद्यालय र विश्वविद्यालयहरू सबै निजी क्षेत्रलाई जिम्मा दिनु पर्दछ।

प्रश्न उठ्छ: निजी क्षेत्रलाई शिक्षण संस्था संचालनको जिम्मा दिए पछि आम गरीब तथा न्यून आय भएका जनताका छोराछोरीहरू कसरी पढ्नेछन्? निजी क्षेत्रद्वारा संचालित शिक्षण संस्थामा राज्यले उनलाई पढाउने जिम्मेबारी लिनेछ – अर्थात् उसको शुल्कनै तिर्ने जिम्मेबारी राज्यले लिनेछ। सोको लागि पहिला क-कसलाई राज्यबाट कति सहयोगको आवश्यकता छ, पूर्णत: नि:शुल्क चाहिने हो कि आंशिक नि:शुल्क चाहिने हो, नि:शुल्कताको ग्रेडिंग गर्दै राज्यले उनीहरूलाई निजी विद्यालयमा पढाउने हो। राज्यले, अझ विद्यार्थी सफल गरायो कि गराएन हेर्दै, शुल्क तिर्ने भने पछि विद्यार्थिहरू आफूले रोजेको विद्यालयमा जान सक्नेछन्। विद्यालय भर्ना दर, ड्रपआउट दर आदि पनि स्वत: कम हुन जानेछ। अहिले को सरकारी शिक्षण संस्थानहरूमा देखिएको 'लेथर्जी' रहनेछैन। जुनसुकै वर्गका विद्यार्थीहरूले "निजी विद्यालय"को स्तरीय शिक्षा नै पाउन सक्नेछन्।

स्वास्थ्य क्षेत्रमा पनि त्यही हुनु पर्छ। सरकारले वीर अस्पताल, शिक्षण अस्पताल, बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान केही पनि चलाउनै सकेन। तसर्थ अस्पताल चलाउने जिम्मा पनि निजी क्षेत्रलाई नै छोड्नु पर्दछ। सरकारले कसरी गरीब र विपन्न वर्गले पनि त्यहाँ उपचार पाउने भने कुरा सुनिश्चित् गर्नु पर्दछ।

सरकारको स्वामित्ममा रहेको कुनै पनि उद्योग-धन्धा नाफामूलक रहन सकेको छैन, क्रमश: सबै बन्द भए। नवउदारवादको को क्रममा जुन निजीकरण गरियो, त्यो उद्योगहरू किन बन्द भए कारण हेर्नु परद्छ। दुनियाँ भरमा निजी उद्योगहरू फस्टाउने तर नेपालमा बन्द हुने कारण निजी लगानी होइन, त्यसको प्रमुख कारण नीति  र बजारव्यवपस्थान गर्न नसक्नु हो। उद्योगधन्धा निजी क्षेत्रलाई नै दिने हो, तर अर्थतन्त्र दलालपूँजीपति वर्गको हातमा होइन। आयातमुखी नीति नलिई देशका उद्योगहरूलाई प्राथमिकता दिने, स्वदेशी उत्पादनलाई नै प्राथमिकता दिने नीति हुनु पर्दछ। त्सयको लागि अडान लिन सक्ने प्रत्यक्ष निर्वाचित

कार्यकारी नै चाहिन्छ, अन्यथा विदेशी दबाब र प्रभावमा राष्ट्रिय उद्योगहरू बन्द गर्ने र अर्थतन्त्रलाई पूरै आयातमुखि बनाउने प्रबल सम्भावना रहन्छ।

## V. केही स्पष्टोक्तिहरू

### (१) मिशन ८४ समाधान होइन, वर्तमान व्यवस्थामा सुधार नल्याई सम्भव छैन

२०७९ सालको आमनिर्वाचनबाट उदाएका केही दलहरू अहिलेदेखि मिशन ८४को राग अलाप्दैछन् र जनताहरू पनि कतै-न-कतै किंकर्तब्यविमूढभएर आशा गर्दै प्रतिक्षा गर्न बाध्य छन्। तर मिशन ८४ केवल भ्रम हो। वर्तमान राजनैतिक व्यवस्था र आर्थिक प्रणालीबाट जनताले खोजेको विकास सम्भव नै छैन र त्यो कुरा अहिलेको प्रतिनिधि सभाबाट सम्भव छैन। अर्को कुरा, २०८४ मा पनि कुनै नयाँ दलले एक्कासि दुई-तिहाई ल्याइ हाल्ने कुरा कोराकल्पना बाहेक केही हुनसक्दैन, बढीमा भए १०-२० सीट यताउता हुने हो र फेरि पुराना पार्टीहरूकै गठबन्धन सरकार नै बन्ने हो। दोश्रो, कथंकदाचित् नयाँ पार्टीहरूले दुई-तिहाई ल्याई हाले पनि पुराना पार्टीहरू चुप लागेर बस्ने दिन नै आउँदैनन्। पहिला त परिणाम नै घोषणा हुन दिने छैन, घोषणा भए निर्वाचनमा अनियमितता भयो परिणाम रद्द गर्न लगाउनेछन्। त्यसबाट पनि बचे भने आफनो भात्तृसंगठन र हरेक ठाउँमा रहेको पार्टीगत कर्मचारीहरूको प्रयोग गरेर, रोष्ट्रम घेरेर, सडकमा आन्दोलन उठाएर कहिले पनि स्थिर रूपमा काम गर्न दिने छैनन। आखिर सेना र प्रहरीमा पुरानै पार्टीहरूले संरचना बनाएर राखेको छ, त्यसैगरी कर्मचारी, शिक्षक, विद्यार्थी हरेक ठाउँमा उनीहरूको वफादार मोर्चा छ जो आफ्ना नेताको ईशारामा मर्न मार्न तैयार छन्, देशमै आतङक फैलाउन तैयार छन्।

### (२) नयाँ पात्रबाट यही व्यवस्थाबाट सुधार हुँदैन नै, न त पुराना पार्टीका नयाँ पात्रहरूबाट नै केही सम्भव छ

देश पुराना शीर्षनेताहरूको सिन्डिकेटमा चलिरहेको छ र देशका सम्पूर्ण व्यवस्था तहसनहसको अवस्थामा रहेको छ। जनताहरू यति धेरै विघ्न निराश छन् कि २०७९ को आमनिर्वाचनमा वैकल्पिक नयाँ दलहरूलाई राम्रो मत दिए। स्थापना भएको केही महिनामा नै नयाँ दलहरूले राम्रै मत पाए: राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधि सभाको निर्वाचनमा ११ लाख (जम्मा २० सीट), जनमत पार्टीले ४ लाख (जम्मा ६ सीट) र नागरिक उन्मुक्ति पार्टीले झण्डै पौने ३ लाख (जम्मा ४ सीट) समानुपातिक मत ल्याए। खासगरि रास्वपाबाट जनताको अपेक्षा निकै नै ठूलो रह्यो। तर २० सीट जित्दा पनि नेपालको संसदीय राजनीतिमा उसले प्रभाव पार्न सक्ने अवसर न्यून छ। २० सीटको सान्दर्भिकता निर्णायक नभएको हुनाले कुनै सरकार गठनमा नै कुनै निर्णायक भूमिका खेल्ने, सरकारबाट कुनै परिवर्तन ल्याउने वा संसद्बाट कुनै परिवर्तन ल्याउने आशामाथि तुषारापात भएको छ। रास्वपाको २०-२१ सीटबाट नहुने भने पछि जनमत पार्टी वा नागरिक उन्मुक्ति पार्टीको ६ वा ४ सीटबाट झन् हुने कुरा भएन।

रास्वपाको नेत्तृत्व पछिल्लो समयमा पासपोर्ट काण्ड, अडियो प्रकरण, सहकारी काण्ड जस्ता अनेकौं काण्डमा निरन्तर मुछिँदा यसको नेत्तृत्व पुराना पार्टीको चक्रव्यूह र घेरामा परिसकेको अवस्था छ। राज्यको

वा पुराना पार्टीको विरोधमा गए ती मुद्दाहरूलाई समातेर जतिखेर पनि पक्राऊ गर्ने र जेल हाल्ने प्रबल सम्भावना छ जसको कारणले पछिल्लो समयमा देशका ठूला भ्रष्टाचारका काण्डहरुमा समेत रास्वपाले मौन धारण गरेर बस्नु परेको अवस्थाको सिर्जना भएको छ। राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा लामिछानेले बालकुमारी घटनामा दुई जना युवाहरू राज्यबाट मारिएको प्रसङ्गमा गृह प्रशासनलाई दोष लगाउन खोज्दा गृहमन्त्रीले आफूले पहिले गरेको गल्तीचाहिँ कुनै कारणले पहिला कानुनी रूपमा छुट पायो भन्दैमा अबदेखि त्यस्तो नहुने र छानबिन भइ कारबाही हुनसक्ने भनेर सीधै धम्क्याउनुबाट यो कुराको पुष्टि हुन्छ। त्यसैले रास्वपा बाध्यात्मक अवस्थामा छ – जनतालाई देखाउनका लागि दुई-चार शब्द बोले पनि ठोस रूपमा पुराना पार्टी र नेताहरूको विरोधमा जान सक्दैन। नागरिक उन्मुक्ति पार्टीको हालत पनि उस्तै छ – सरकार वा पुराना पार्टीको विरोधमा अलिकति कुरा उठाउने वित्तिकै माओवादी नेत्तृत्वको सरकारको सिफारिशमा आममाफी पाएका संरक्षक श्री रेशमलाई चौधरीलाई जतिखेर पनि पुन: जेलमा हाल्दिने डर छ। सोही कारणले गठबन्धनका बैठकहरूमा होस् कि सरकारमा, नागरिक उन्मुक्ति पार्टी बोल्न समेत असमर्थ छ र गठबन्धनका निर्देशहरू खुरूखुरू पालन गर्न बाध्य छ। जनमत पार्टीका नेता कार्यकर्तामाथि पनि पनि सरकारबाट दमनको क्रम जारी नै छ। बाराको उपनिर्वाचनमा सरकार र गठबन्धनका शीर्ष नेताहरू सबै खुलेर जनमत पार्टीको विरोधमा उत्रिनुका साथै जनमत पार्टीका अध्यक्ष डा. सी. के. राउतलाई प्रहरी लगाएर घेरा हाल्न समेत लजाएनन्। राष्ट्रिय पोशाक दिवसको अवसरमा जनमत पार्टीकै राष्ट्रिय अध्यक्ष तथा संघीय मन्त्रीलाई समेत लछारपछार गरेर पक्राऊ गर्न पछाडि परेनन् र २०८० माघ ८ गते जनमत पार्टीकै मधेश प्रदेश शिक्षा मन्त्री सहित प्रदेश सभासद्हरूमाथि लाठी चार्ज गरेर टाउको फुटाउँदै निर्मम दमन गर्न पछाडि परेनन्। तसर्थ नयाँ पार्टीहरूले वर्तमान संसद् वा व्यवस्थाबाटै केही गरिहाल्ने अवस्था छैन।

रह्यो कुरा पुरानै पार्टीका नयाँ पात्रहरू जसको नाम चर्चा प्राय: मिडियामा पटक-पटक प्रायोजित रूपमा उछाल्ने गरिन्छ। तर उनीहरू जतिसुकै उफ्रे पनि आफ्नो पार्टीको ह्वीप उल्लंघन गर्ने हिम्मत उनीहरूमा पाइँदैन, गरे उनीहरू संसद् र व्यवस्थाबाहिर पर्दै शक्तिहीन बन्न पुग्नेछन्। यसको उदाहरणको रूपमा उपराष्ट्रपति निर्वाचनलाई लिन सकिन्छ। मुख्य पार्टीका प्रायजसो महिला सांसद्हरूले उपराष्ट्रपतिमा महिला नै हुनुपर्छ भने राय त राखे तर मत दिने बेलामा खुरूखुरू पुरुष उपराष्ट्रपतिको उम्मेदबारलाई मत दिएर आए। यही कुरा बाकी सांसद्हरूको हकमा पनि लागू हुन्छ। संसद्मा वा मीडियामा जतिसुकै उफ्रे पनि, जति जोरजोरले कराए पनि महत्त्वपूर्ण कुरामा आफ्नो पार्टीको विरूद्धमा जान सक्ने हिम्मत यिनीहरूमा यो जूनीमा सोच्न सकिँदैन, फगल जनतालाई दिग्भ्रमित गर्ने कुरा मात्रै हुन्।

### (३) देशमा उकुसउकुमस छ तर आन्दोलनहरू किन सफल भइराखेका छैनन्

देशमा चारैतिर असन्तोष छ, निराशा छ, आक्रोश छ। आन्दोलनका लागि जनता विभिन्न स्वरूपमा अग्रसर नै देखिन्छन् तर आन्दोलन किन भइरहेको छैन वा भए पनि सफल किन हुन सकिरहेको छैन, यो तथ्य मनन गर्नु आवश्यक छ।

पहिलो, हामी राजनैतिक व्यवस्थाको हिसाबले करीब-करीब 'डेड-इंड' (अन्तिम ठाउँ)मा छौं। नेपालका जनताले धेरै कम समयमा राजतन्त्र, राणातन्त्र, प्रजातन्त्र, गणतन्त्र, लोकतन्त्र, संघीयतासम्म भोग्न भ्याइसके। विश्वकै उत्कृष्ट मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था त आइसकेकै छ। अब यहाँबाट भएन भने जाने कहाँ, मग के हुने, आन्दोलनको अन्त्य कहाँ हुने? अगाडि लग्ने अग्रगामी राजनैतिक दर्शन र रोडम्यापको अभाव देखिएको छ। त्यसैले जतिसुकै छटपटाए तापनि अगाडिको गनतव्यको दृश्य स्पष्ट नभएसम्म आन्दोलन अगाडि जान सक्दैन।

दोस्रो, जनताको असन्तुष्टिलाई केही राजनैतिक दल वा समूहहरूले पछाडिकै दिशामा मोड्न पनि चाहन्छन्। यो व्यवस्था खराब भयो भनेर पुरानै फालिएको व्यवस्था राजतन्त्र नै योभन्दा राम्रो थियो भनेर पनि कतिले सुनियोजित तरीकाले भाष्य निर्माण गर्न खोज्दै छन्। पुराना व्यवस्था नभोगेकाहरू वा अहिलेको व्यवस्थाबाट आजित भएकाहरूले लहलहैमा एक छिनको लागि आक्रोशमा त्यसमा सहमति जनाए पनि भित्री अवचेतनमा उनीहरूले यसलाई स्वीकार गर्दैनन्। जसले गर्दाखेरि केही शक्तिहरूले पश्चगामी दिशातिर जतिसुकै मोड्ने प्रयास गरे पनि उनीहरू असफल हुँदै आएका छन्।

तेस्रो, केही समूह वा शक्तिहरूले धर्मको आडमा पनि वर्तमान व्यवस्थाप्रतिको असंतोषलाई आन्दोलनको स्वरूप दिन चाहन्छन् तर अहिलेको नेपाली पुश्ताको लागि रोजगारी, आर्थिक विकासजस्ता मुद्दाले यतिहदसम्म प्रभावित गरेको छ कि उनीहरूले धर्मको मुद्दालाई गौण मुद्दाको रूपमा, आफूलाई रोजगारी र आर्थिक समृद्धि त दिने होइन, विदेश पलायनबाट रोक्न सक्ने होइन, राम्रो शिक्षा र स्वास्थ्य दिन सक्ने होइन भन्ने रूपमा राम्ररी बुझेको छ। त्यसैले केही समूहहरूले विभिन्न हथकण्डा अपनाएर धर्मलाई आधार बनाउन खोजे पनि यो सफल भएको देखिँदैन।

चौथो, सहकारीको ऋण तिर्नु पर्दैन आदि जस्ता मागहरू राखेर पनि आन्दोलन सफल हुन सकिरहेको छैन किनकि अन्तत: अराजकता कसैको हितमा हुँदैन भनेर पनि जनताको अन्तर्मनले भनिरहेको छ।

पाँचौं, आन्दोलनका नेत्तृत्वकर्त्ता जिम्मेबार वा त्रुटिरहित देखिएनन्। आन्दोलन हाँक्ने वा उठाउन चाहनेहरू आफैंमा अराजक, जसरी पनि हिंसा र दङ्गा भड्किदेओस् भनेर इच्छा राख्ने, आफैं अनेकौं अनैतिक आर्थिक र सामाजिक क्रियाकलापहरूमा संलग्न रहेका व्यक्तिहरू भए। केही द्वैध चरित्रका देखिए – एकातिर संघीयता खारिज हुनु पर्छ भने अर्को तिर प्रदेश सभाको सभामुख आफैंले पाउन मरिहत्ते गर्ने, राजतन्त्र आउनु पर्छ भन्ने तर गणतन्त्रवादी शक्तिहरूसँग सहकार्य गर्ने देखिए।

छैठौ, आन्दोलनका लागि आवश्यक संगठन, जनशक्ति, कार्यकर्ता र प्रशिक्षण भएन। संगठनको अभावमा आन्दोलन ४-५ दिन चल्न सक्छ, आक्रोशित भएर भीड ४-५ दिन सडकमा आउन सक्छ तर दीर्घकालीन् आन्दोलनको लागि संगठनको आवश्यकता पर्छ, प्रशिक्षित कार्यकर्ताको आवश्यकता पर्दछ। व्यवस्था र शीर्ष नेताहरूको सिन्डिगेट तोड्न आन्दोलन गर्नु कुनै २-४ दिनको सडक प्रदर्शनले सफल हुने छैन, महिनौं र हुनसक्छ वर्षौं लाग्न सक्छ, अनेकौं चरणहरू पार गर्नु पर्ने हुन्छ, राज्यबाट अनेकौं धरपकड, जेल चलान र यातना समेत भोग्नु पर्ने हुनसक्छ। २-४ दिनको र्‍यालीले पुराना दलहरूले राज्यसत्ता छोडिदेलान् भनेर परिकल्पना पनि गर्न सकिँदैन।

## VI. देश विकास आन्दोलनका मागहरू के के हुन सक्छन् ?

तसर्थ आन्दोलन गर्दा माथिका कुराहरूमाथि विचार गर्दै, कमीकमजोरीहरूलाई सच्चाउँदै, वृहत् दीर्घकालीन् रोडम्याप बनाउँदै, आन्दोलनको लागि संगठनलाई विस्तार एवम् प्रशिक्षित गर्दै अगाडि बढ्न सक्नु पर्दछ।

देशको संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति प्रतिबद्ध रहँदै, जनतामा निहित रहेको सार्वभौमसत्ताको प्रयोग गर्दै नेपालको संविधानको धारा १७ ले दिएको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा  विना हातहातियार शान्तिपूर्वक भेला हुने  स्वतन्त्रता अनुरूप नै आन्दोलन अगाडि बढाइनेछ। आन्दोलनका मागहरू तपसिल बमोजिम हुन सक्नेछन्:-

१. नेपालको संविधानको धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेकोमा वास्तविक रूपमै **सार्वभौमसत्ता जनतामा आउनु पर्ने र जनताले प्रत्यक्ष लोकतन्त्रबाट प्रयोग गर्न पाउनु पर्ने।** देशमा जनताको वास्तविक लोकतन्त्र अर्थात् जनसम्प्रभुता स्थापित गर्ने।
२. नेपालमा द्विसदनात्मक व्यवस्था अन्त्य गरेर सकेसम्म पार्टीविहिन लोकतान्त्रिक व्यवस्थाद्वारा निर्वाचित एकसदनात्मक व्यवस्था गर्ने। **सांसदहरूमाथि कुनै पनि किसिमको ह्वीप नलाग्ने गरी कुनै समूह वा पार्टीको दबाबबाट मुक्त** जनताको हितमा छिटोछरियो ऐन बनाउने र पारित गर्न सक्ने संसद्को व्यवस्था। जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने वा गैरभौगोलिक जातीय निर्वाचन क्षेत्रको व्यवस्था गर्ने। जनताले समेत प्रत्यक्ष मत जाहेर गरेर ऐन ल्याउन सक्ने व्यवस्था गर्ने।
३. **प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, उपप्रधानमन्त्री, निर्वाचन अधिकृत, महालेखा परीक्षक, न्यायाधिवक्ता र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखको व्यवस्था गर्नु पर्ने।** विभिन्न विभागीय मन्त्रीहरू नरहने बरू प्रधानमन्त्रीद्वारा कार्यक्षेत्र विशेषज्ञताको आधारमा विशेषज्ञहरू नियुक्त गरेर विभागीय काम कारबाही गर्ने। प्रत्यक्ष निर्वाचित पदहरूमाथि संसद्द्वारा महाअभियोग लगाएर हटाउन नपाइने किनकि सिमित नेता वा जनप्रतिनिधिमाथि भरोसा गर्नुभन्दा जनताको मत सर्वोच्च मान्नु पर्ने। निर्वाचित पदमाथिबाट हटाउन पनि पुन: निर्वाचन नै गर्नु पर्ने – सो प्रस्ताव संसद्को दुई-तिहाई वा जनताको ५ लाख हस्ताक्षरसहितको अपीलबाट निश्चित समयावधि पछि लग्न पाइने, वर्तमान पदाधिकारी पुन: उठ्न सक्ने।
४. **सर्वोच्च अदालतको प्रधानन्यायाधीश सहित ७ सदस्ययीय न्यायाधीश**, तोकेका व्यवसायिक योग्यता पुगेका उम्मेदबारहरू मध्ये, **जनताद्वारा प्रत्यक्ष निर्वाचित हुने।** न्यायालयका न्यायाधीशहरू कुनै पनि समूह वा पार्टीसँग आबद्ध भएको पाइएमा अयोग्य हुने।
५. प्रदेश सरकारहरूमा पनि मुख्यमन्त्री र उपमुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने तर कुनै पनि मन्त्रीहरू नरहने व्यवस्था गरिने।

६. **कर्मचारीतन्त्रमा** कुनै पनि दलीयकरण र सामुहिक सौदावाजी निषेध गरिने, निजी क्षेत्रको जस्तै **'हायर एन्ड फायर**' अपनाइने।
७. देशमा मिश्रित अर्थप्रणाली पूर्णत: असफल भइराखेको र राज्यको हातमा भएका सरकारी विद्यालय, अस्पताल, उद्योग, निगम तथा संस्थानहरू सबै पूर्णत: असफल, गुणस्तरहीन र घाटामा रहेको हुँदा देशको आर्थिक प्रणालीलाई **सामाजिक लोकतन्त्र व्यवस्थानिकट** रही उत्पादन प्रणाली निजी क्षेत्रको हातमा दिने तर राज्यले नियमन गर्ने, र आधारभूत अधिकारहरूबाट कोही बञ्चित नहोस् भनेर राज्यले सुनिश्चित् गर्ने। दलाल, उपभोक्तावादी तथा वित्तीय पूँजीवाद खारिज गर्दै उत्पादनमुखी अर्थतन्त्रमा जोड दिँदै राष्ट्रिय पूँजी निर्माणमा जोड दिने। देशको उत्पादनलाई प्राथमिकता दिन कदलम चाल्नु पर्ने।
८. देशमा '**कन्फ्लिक्ट अफ इन्टरेस्ट** (स्वार्थ-संघर्ष) को अवधारणालाई व्यापकता दिने र कुनै पनि क्षेत्रमा नबाझिने कुरा सुनिश्चित् गर्नु पर्ने।
९. **आन्दोलनकारीको नेतृत्वमा सरकार गठन** गर्ने। आन्दोलनकारीको नेतृत्वमा सरकार गठन गर्ने जसको प्रमुख काम निर्वाचन सम्पन्न गराउनु हुनेछ। यो पहिला २००७ साल, २०४६ साल वा २०६३ सालको जस्तो सर्वदलीय र सर्वपक्षीय होइन, आन्दोलनकारीकै नेतृत्वमा हुनु पर्दछ, अन्यथा पुराना तत्त्वहरू बाकी रहने, परिवर्तनको आभाष नहुने र प्रतिगमनको खतरा सँधै रहिरहन्छ।
१०. आन्दोलनकारीको प्रतिनिधित्वमा सम्पूर्ण अधिकारसम्पन्न राष्ट्रिय न्यायाधिकरण **(ट्राइब्यूनल) गठन गर्नु पर्ने** – जसले श्रृंखलाबद्ध रूपमा भइराखेका सरकार, राजनैतिक पार्टी र शीर्ष नेताहरूको संलग्नता र संरक्षणमा भइरहेका सम्पूर्ण भ्रष्टाचार, अनियमितता र दण्डहीनताको छानबिन गरेर सजाय दिन सकोस्

यसर्थ यी मागहरू राखेर गरिने आन्दोलन 'दोस्रो गणतन्त्र' र 'सामाजिक लोकतन्त्र' को लागि हुनेछ।


## VII. आन्दोलनको मोडालिटी


देश विकास आन्दोलन ('नौलो गणतन्त्र' र 'सामाजिक लोकतन्त्र' आन्दोलन) का लागि उपलब्ध विभिन्न मार्गहरूमाथि संक्षिप्त विचार गर्नु पर्ने हुन्छ:-

(क) संसद्: देश विकास आन्दोलनका मागहरू पूरा गर्न नेपालको संसद्बाट संविधान संशोधन गर्न लगाउनु र त्यसलाई कार्यान्वयनमा ल्याउनु एउटा तरीका हुनसक्छ तर त्यसका लागि संसद्मा दुई-तिहाई चाहिने, केही असंशोधनीय प्रावधानहरू हुन सक्ने तथा संसद् पुराना भ्रष्ट पार्टी र नेताहरूकै कब्जामा हुँदा र उनीहरूकै ह्वीप चल्ने हुँदा त्यहाँबाट माग सम्बोधन हुने सम्भावना देखिँदैन। संसद्का प्रमुख सबै पार्टीहरू र तिनका शीर्ष नेताहरू लगभग सबै भ्रष्टाचारमा लिप्त रहेको र अनेकौं फौजदारी घटनामा समेत संलग्न रहेको हुँदा आफूमाथि नै कारबाही हुने गरी कुनै पनि विधेयक संसदबाट पारित हुन दिन सक्ने सम्भावना नै रहँदैन।

(ख) सशस्त्र आन्दोलन: नेपालमा सशस्त्र आन्दोलन सफल भएको पाइँदैन र नेपाल अर्को सशस्त्र क्रान्तिको लागि तैयार पनि छैन। खासगरी ९/११ को परिघटना पछि नेपालमा सशस्त्र आन्दोलन सफल हुने परिकल्पना पनि गर्न सकिँदैन।

(ग) सडक संघर्ष: नेपालको राजनीतिक परिवर्तनको लागि सडक संघर्ष नै अन्तिम विकल्प हो। नेपालमा जे जति राजनैतिक परिवर्तनहरू भएका छन्, सडकबाटै भएका छन्। यहाँसम्म कि माओवादी सशस्त्र द्वन्द्व मा १७,००० जनता मारिँदा पनि कुनै कुरा संस्थागत हुन सकेन, तर अन्तत: आठ दल मिलेर सडक आन्दोलन गर्दाखेरि नै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुन सकेको हो। यसर्थ शान्तिपूर्ण सडक आन्दोलनको अर्को विकल्प छैन र यसलाई नै अँगालेर देश विकास आन्दोलन अगाडि बढाउनु पर्दछ। [4] शान्तिपूर्ण आन्दोलनबाट परिवर्तन बिलकुल सम्भव छ। सन् १९६६ देखि १९९९ सम्ममा शान्तिपूर्ण आन्दोलनले निरंकुश शासनलाई ढाल्न ६७ मध्ये ५० आन्दोलनमा मुख्य भूमिका निर्वाह गरेको छ। शान्तिपूर्ण आन्दोलनको सफलता दर ५३% रहेको छ भने हिंसात्मक आन्दोलनको सफलता दर २६% मात्रै रहेको छ।[5]




[4] Gene Sharp ले The Politics of Nonviolent Action मा विश्वभरि अहिंसात्मक आन्दोलनको समीक्षा गर्दै शान्तिपूर्ण आन्दोलनका १९८वटा तरीकाहरू दिएका छन्। त्यसको उदाहरण हेर्न वा त्यस्तो खालको प्रयोग कहाँ कहाँ भएको छ हेर्न यस वेबसाइटमा गएर डाटाबेस पनि हेर्न सकिन्छ: https://nvdatabase.swarthmore.edu/browse-methods

[5] Chenoweth, E., & Stephan, M. J. Why civil resistance works: The strategic logic of nonviolent conflict. Columbia University Press, 2011.

**अनुसूची – १: शान्तिपूर्ण सामाजिक आन्दोलनका विषयमा केही कुराहरू:-**

शान्तिपूर्ण सामाजिक आन्दोलनका चार चरणहरू हुन्छन्।

पहिलो चरण आविर्भाव अर्थात् सामाजिक अशान्ति र आक्रोशको हो। यस चरणमा लगभग कुनै पनि कुरा संगठित हुँदैन, तर जनतामा व्यापक असन्तुष्टि र आक्रोश हुन्छ, कुनै नीति वा घटनाविरुद्धमा। यस चरणमा, मानिसहरू एकसाथ आउँदैनन्, तर सडकमा, चियापसलमा वा इन्टरनेटमा व्यक्तिगत रूपमा प्रतिक्रिया जारी राख्छन्। मानिसहरू एकअर्कामाथि भएको अन्यायको कुरा गर्छन् र आक्रोश पोखिरहेका हुन्छन्। त्यहाँ मिडिया कभरेज पनि हुन सक्छ, जसले असन्तुष्टि बढाउँछ। तर यस चरणमा कोही अगाडि नआउने र मानिसहरू भेला नहुने अवस्था कायमै रहन्छ। यस चरणमा, सामाजिक आन्दोलन संगठनहरूले मुद्दाको प्रचारप्रसार गर्ने, समाचार तथा  जनचेतना फैलाउने र मानिसहरूलाई आन्दोलित गर्ने काम गर्दछ। उनीहरुको काम आन्दोलनलाई दोस्रो चरणमा लैजाने हो ।

दोस्रो चरण भनेको संगठित हुनु हो, अर्थात् जनता जोडिने र भेला हुने चरण। जब आम मान्छेहरू एकअर्कासँग गुनासो गर्ने तर एकजुट नहुने चरण पार गर्छन्, तब आन्दोलन यो चरणमा प्रवेश गर्दछ। यो अवस्थासम्म आइपुग्दा उनीहरू एकजुट हुन्छन् र उनीहरूको प्रयास सामूहिक हुन्छ। जनतालाई आन्दोलनको मुद्दाको बारेमा थाहा हुन्छ, उनीहरूलाई  खराबस्थितिको लागि जिम्मेवार पक्षहरूको पहिचान भइसकेको हुन्छ, मतलब आक्रमणको लक्ष्य पहिचान गरिएको छ। यस चरणको सबैभन्दा विशेष कुरा के हो भने नेतृत्वको उदय हुन्छ, जसले मानिसहरूलाई भेला गर्ने र समूहलाई दिशा दिने काम गर्दछ। यस चरणमा मागहरू स्पष्ट रूपमा निर्धारण गरिन्छ, र जनताले विरोध गर्न तथा जुलुस निकाल्न थाल्छन्। तर जुलुसहरू सानो समूहमा हुन्छन्।

तेस्रो चरण हो: स्वामित्वग्रहण, अधिकारिकरण र सशक्तिकरण, सामाजिक आन्दोलन संगठन (एसएमओ) वा कुनै पार्टीद्वारा। यस चरणमा साना समूहमा निस्कने जुलुसहरू र उनीहरूले आयोजना गर्ने विरोध कार्यक्रमहरूबीच समन्वय गर्ने गरिन्छ । यी समूहका नेताहरू एकै ठाउँमा बसेर योजनाबद्ध ढंगले कार्यक्रमलाई अगाडि बढाउने गर्छन् । छिटफुट जुलुस र उदीयमान नेतृत्वले मात्र पुग्दैन। आन्दोलनको यस चरणमा लागि समर्पित, विवेकशील र प्रशिक्षित नेतृत्व चाहिन्छ। त्यसको पूर्ति गर्न कुनै न कुनै सामाजिक आन्दोलन संगठन वा कुनै पार्टी अगाडि आउनु पर्ने हुन्छ र त्यसको संरचना प्रयोग गर्नु पर्ने हुन्छ । यो चरणमा पुगेपछि सरकार र राजनीतिक संयन्त्रसँग नियमित सम्पर्क राखिएको हुन्छ। अधिकांश आन्दोलनहरू यही चरणको शुरूमा टुंगिन्छन्, किनभने आन्दोलनहरू भावना र आक्रोशबाट उत्पन्न त हुन्छन्, जुलुस निकालिन्छन्, तर त्यसलाई योजनाबद्ध रूपमा दीर्घकालसम्म (महिनौंसम्म) निरन्तरता दिन, आन्दोलनलाई वैधानिकता दिन र सरकार तथा राजनीतिक प्रणालीसँग सम्पर्क गर्न र सम्झौता गर्न  नेतृत्व, सांगठनिक संरचना, जनशक्ति, साधनस्रोत र पूर्वाधार तयार हुँदैनन्। केवल भावनामा आन्दोलनलाई टिकाउन गाह्रो छ, त्यसैले समर्पित कार्यकर्ता र विभिन्न समूह एवम् तहको नेत्तृत्व चाहिन्छ। त्यसैले यो चरण पार गरेर आन्दोलनलाई सफलतातर्फ डोऱ्याउन स्वामित्व ग्रहण गर्ने संगठनको क्षमता, पूर्वाधार र साधनस्रोतमा भर पर्छ।

चौथो चरण हो  संस्थागतन। आन्दोलन धेरै तरिकामा समाप्त हुन सक्छन्:-

• दमन, अर्थात् आन्दोलनका कारण सरकारले केही कडा नियमहरू लगाउँछ, आन्दोलनकारीहरू र कार्यकर्ताको जासूसी गर्न सक्छ, विभिन्न आरोपहरूमा फसाउन थाल्छ, नेताहरूलाई गिरफ्तार गर्न सक्छ, जसले गर्दा आन्दोलन छिन्नभिन्न हुन्छ।

• सहवरण, अर्थात् आन्दोलकारीहरू आफैंले आफ्ना मुद्दाहरू त्याग्छन्। आन्दोलन केन्द्रीकृत नेतृत्वमा बढी आश्रित हुँदा प्रायः यस्तो हुन्छ। यस्तो अवस्थामा नेताहरूले आफ्नो 'फेस सेभिङ्ग' गर्दै सरकारसँग केही वार्ता गरेर आन्दोलन सफल हुनुअघि नै टुङ्ग्याउँछन् तर आन्दोलनको आधारभूत मुद्दाहरू पूरा हुँदैनन् ।

• असफलता, अर्थात् आन्दोलनलाई व्यापक रूपमा फैलाउन नसक्दा र निरन्तरता दिन नसक्दा, आन्दोलनमा गुटबन्दी वा फुट विकास हुँदा वा चलिरहेको आन्दोलन अरू कुनै आन्दोलनमा विलय भइ दिँदा आन्दोलन असफल हुन्छ ।

• मूलधार समावेशीकरण, अर्थात् आन्दोलन राज्य प्रणालीको मूल धारमा समाहित हुन्छ र विलाउँछ, जस्तै आन्दोलनकारी शक्ति राजनीतिक दल बनेर चुनावमा भाग लिन्छ र आन्दोलन बीचमै समाप्त हुन्छ।

• सफलता, जसमा आन्दोलनका मागहरू पूरा भएपछि मात्र आन्दोलन समाप्त हुन्छ। स्पष्ट रूपमा परिभाषित मागमा आधारित आन्दोलनहरू प्रायः छोटो अवधिमा सफल हुने सम्भावना बढी हुन्छ। उदाहरणका लागि, किसानको लागि बाली क्षतिपूर्तिको माग सफल हुने सम्भावना उच्च हुन्छ, तर भ्रष्टाचार अन्त्यको माग पूरा हुन कठिन हुन्छ किनभने भ्रष्टाचारलाई स्पष्ट निगरानी, मापन र रोकथाम गर्ने सजिलो उपाय छैन।

आन्दोलनका लागि केही तत्त्वहरू आवश्यक हुन्छन्:  राजनीतिक अवसर, संगठनात्मक शक्ति र सूत्रीकरण क्षमता।

आन्दोलनको सफल हुन आवश्यक पूर्वाधार मध्ये पहिलो सामूहिक आक्रोश वा भावना हो। आक्रोश सामूहिक भए तापनि यसलाई कुनै एक व्यक्तिसँग अन्याय हुँदा वा एक व्यक्तिसँग घटेको घटना द्वारा पनि ट्रिगर गर्न सकिन्छ। तथ्याङ्कीय आँकडाभन्दा पनि व्यक्तिगत घटनाहरूआन्दोलनलाई ट्रिगर गर्न बढी प्रभावकारी हुन्छ। सरकारले सैकडौं मान्छे मारेको तथ्याङ्कले जनता उति आन्दोलित हुँदैनन् जति सरकारले जनताको आँखा अगाडि गरेको एउटा अन्यायपूर्ण हत्याले जनता भावुक र आक्रोशित हुन्छ। दोस्रो, अन्य सबैकुरा समान राख्ने हो भने धेरै गरिब वा आर्थिक रूपले विपन्न जनताले आन्दोलनलाई लामो समयसम्म टिकाइ राख्न सक्दैनन्, आन्दोलनकारीहरू आफ्नो खुट्टामा उभिने क्षमता हुनुपर्छ । त्यसैगरी बस्ती, कलेज, स्कुल, कलकारखाना जस्ता स्थानमा जहाँ घना बस्ती वा नियमितरूपमा जनताको ठूलो उपस्थिति हुन्छ, त्यहाँ आन्दोलन लामो समयसम्म चलिरहन सक्छ तर पर्व, उत्सव,  सभासमारोहमा गरिने आन्दोलन धेरै समय टिक्दैनन् ।

यसका अतिरिक्त, भूईँस्तरसम्म संगठन पहिलादेखि हुनु र 'फ्रि राइडिंग' प्रवृत्तिको बदलामा व्यक्तिगत जिम्मेबारीको बोध हुनु पनि आवश्यक हुन्छ। त्यस्तै राज्यबाट जनताको सुविधा वा अधिकार कटौती हुने एक्कासी कुनै कानून ल्याउनुलाई पनि आन्दोलनको पूर्वाधारका रूपमा लिन सकिन्छ ।

आन्दोलनलाई जगाउनका लागि सबैभन्दा पहिले, आन्दोलनकारीहरू बीच पूर्व सम्पर्क हुनु महत्त्वपूर्ण छ। आन्दोलनकारीहरू संगठित हुनु र उनीहरूमा आन्दोलनको पूर्व अनुभव हुनु आन्दोलनलाई अगाडि बढाउन सहयोगी हुने भएकाले त्यस्ता व्यक्तिहरू छिट्टै आन्दोलनमा सामेल हुन्छन् । यसका साथसाथै युवा, विद्यार्थी, बेरोजगार र अविवाहित जस्ता समूहहरू जोसँग बढी व्यक्तिगत स्वतन्त्रता हुन्छन्, उनीहरू छिट्टै आन्दोलनमा सामेल हुन्छन् र उनीहरू पहिलो लक्षित समूह हुनुपर्छ । यही कारणले गर्दा नेपालमा आन्दोलन प्रायः विद्यार्थी वा युवाहरूबाट सुरु हुने गर्दछ। त्यसैगरी आन्दोलनमा जनतालाई जुटाउनका लागि भावनाको प्रयोग गर्नु निकै जरुरी हुन्छ। तसर्थ, यस्ता भावनात्मक मुद्दाहरू उठाउनु आवश्यक हुन्छ जसमा सबैजना जोडिन सक्छन्, जुन यति महत्वपूर्ण देखिन्छ कि जसको लागि मानिसहरू आफ्नो जीवन बलिदान दिन तयार हुन्छन्। साबिकमा राष्ट्रवाद वा सीमाका मुद्दाहरूलाई नेपालका राजनैतिक पार्टीहरूले यसै परिपेक्ष्यमा प्रयोग गर्दै आएको छ।

यसको साथसाथै आन्दोलनका लागि भाषणको अतिरिक्त प्रदर्शनलाई गीत, संगीत, भिडियो, पोस्टर, ब्यानर आदिको प्रयोग मार्फत् रोचक, नाटकीय, रचनात्मक र नयाँ बनाउने प्रयास पनि गर्नु पर्छ। प्रदर्शनका नयाँ नयाँ र रोमाञ्चक तरीकाहरू जस्तै झाडू प्रदर्शन, पुतला दहन, भैंसी जुलुस आदि अपनाउन सक्नु पर्दछ।

आन्दोलनको लागि यी सबै कामहरुलाई योजनाबद्ध तरीकाले अगाडि बढाउन सामाजिक आन्दोलन संगठनहरू (SMO) टोल-टोलमा बनाउनु जरूरी हुन्छ।

संगठन भयो भने आन्दोलनका लागि कार्यालय, स्टाफ, स्वयंसेवक, कार्यकर्ता र नेतृत्व पंक्ति हुन्छ । मानौं तपाई आन्दोलनमा सहभागी हुन चाहनुहुन्छ वा आन्दोलनलाई आर्थिक वा अन्य सहयोग गर्न चाहनुहुन्छ भने तपाई कहाँ जाने, कसलाई सम्पर्क गर्ने? संगठन भयो भने बल्ल त्यसको ठाउँ-ठाउँमा विभिन्न तहमा कार्यालय, कर्मचारी र स्वयंसेवक त्यहाँ हुन्छ, र त्यसपछि मात्रै तपाईं त्यहाँ गएर कुरा गर्न सक्नु हुन्छ। दोस्रो, संगठन भए मात्र वर्षौंसम्म आन्दोलनलाई निरन्तरता दिन सकिन्छ । अन्यथा आन्दोलन पाँच-दस दिनको भीड र जुलुसमा मात्र सीमित रहन्छ। सबै आन्दोलनका लक्ष्यहरू छोटो समयमा प्राप्त हुँदैनन्; भ्रष्टाचारविरुद्धको आन्दोलन वा व्यवस्था नै फेर्ने आन्दोलन वर्षौंसम्म चलिरहने भएकाले त्यसका लागि संगठन हुनैपर्छ । यहाँसम्म कि उदाहरणकै लागि भूमिहीनहरूको आन्दोलन ७–८ दिन जुलुस निकालेरै सफल हुन्छ भन्ने होइन, जग्गा पाएपछि पनि पुनर्स्थापना पूर्णरुपमा व्यवस्थित नहुँदासम्म र भूमिहीनहरू आत्मनिर्भर नभएसम्म आन्दोलन जारी रहन्छ, र त्यसको लागि पनि संगठनको आवश्यक हुन्छ। त्यस्तै यी सामाजिक आन्दोलन संगठनहरूको अर्को काम सञ्चारमाध्यमहरू, सरकारी संयन्त्रहरू, सहयोगीहरूसँग सम्बन्ध राख्नु पनि हुन्छ।

आन्दोलन हुँदा सरकारले पनि विभिन्न तरीकाबाट प्रतिक्रिया दिन्छ। विशेष गरी आन्दोलनको समयमा सरकारले आन्दोलनकारीहरूलाई निरुत्साहित गर्ने, गिरफ्तार गर्ने र सताउने काम गर्छ। यस्तो अवस्थामा आन्दोलनकारीहरुले शान्तिपूर्ण रुपमा पक्राउ गर्न सरकारलाई दबाब दिनुपर्छ । सयौं हजारौंको संख्यामा यसो गरे आन्दोलन सफलतातिर अगाडि बढ्छ।

शान्तिपूर्ण आन्दोलनमा सबैभन्दा ठूलो समस्या भनेको घुसपैठ हो । आन्दोलनलाई असफल बनाउन वा त्यसलाई मोड्न विपक्षी वा अवसरवादी समूहले आन्दोलनमा घुसपैठ गर्ने, हिंसा र तोडफोड गर्ने, साम्प्रदायिक दंगा गर्ने, चरम प्रचार वा बयान दिने गर्छन् । यसो गरेर उनीहरूले आन्दोलनलाई बदनाम गर्छन् र यसको जग कमजोर बनाउँछन्। त्यसको फाइदा विपक्षी वा सरकारले उठाउँछ। हिंसा, तोडफोड वा साम्प्रदायिक सद्भावमा खलल पार्ने कारण देखाएर सरकारले आन्दोलनकारीहरूलाई दमन गर्न थाल्छ; सरकारले त्यसको लागि आधार पाउँछ । तसर्थ, आन्दोलनकारीहरू यस विषयमा सदैव चनाखो र सावधान हुनु पर्दछ। यस्ता कुराबाट बच्न संगठित भएर र पूर्वतैयारी गरेर मात्रै आन्दोलनमा होमिनु पर्दछ। यदि संगठित भएर, तैयारी गरेर आन्दोलन सुरु गरियो भने आन्दोलनकारीहरू एकअर्कालाई पहिलेदेखि चिनिरहेका हुन्छन् र त्यहीभएर यदि कुनै बाहिरी घुसपैठ हुन आयो भने, आन्दोलनकारीहरूले उसलाई समातेर तत्काल् रोक्न सक्छन्। आन्दोलनको पूर्वतैयारी गरे पछि सबै आन्दोलनकारीलाई के गर्न हुन्छ र के गर्न हुँदैन, के गर्ने योजना छ आदि सबै थाहा हुन्छ र सबै आन्दोलनकारीले सोही योजनाबमोजिम कदम चाल्दछन्। आन्दोलनकारीहरु संगठित भएर नेतृत्वको योजनाबमोजिम अगाडि बढ्दछन् ।

सरकारले आन्दोलनलाई समाप्त गर्न अनेकौं रणनीति लिन्छ। अहिलेको समयमा सरकारले हिंसाको सहारा लिनुको सट्टा फुटाउ र राज गरको नीति अपनाउने, आन्दोलनकारी बीचमा मतभिन्नता सिर्जना गर्ने, असन्तुष्ट वा विरोध गर्ने समूहलाई आफ्नो समर्थनमा लिने र राज्य संरचनामा उसलाई समावेश गर्ने र नाममात्रको समाधानका लागि आयोग र छानबिन समितिहरू बनाउने जस्ता काम गर्छ ।

कुनै पनि आन्दोलन शुरू गर्दा पहिला सानो समूहमा, बस्ती वा गाउँका मानिसहरू, क्लबका सदस्य र साथीहरू वा कुनै कार्यालय वा सामाजिक संस्थासँग आवद्ध व्यक्तिहरूबाट सुरु गर्दा राम्रो हुन्छ। याद रहोस् आन्दोलनकारीहरू एकअर्कासँग परिचित भएको राम्रो हुन्छ।

आन्दोलनका लागि सञ्चार माध्यमको प्रभावकारी प्रयोग गरिनुपर्छ। त्यसैगरी आन्दोलनका लागि सक्षम, इमान्दार र समर्पित नेतृत्व चाहिन्छ, जसले राम्रो बोल्न सक्छ, सही निर्णय लिन सक्छ, आन्दोलनकारीलाई मार्गदर्शन गर्न सक्छ, जनतालाई प्रभाव पार्न सक्छ र उनीहरूलाई आफ्नो नियन्त्रणमा राख्न सक्छ। यसका साथै आन्दोलनको उद्देश्य, माग र लक्ष्य सबैलाई स्पष्ट हुनुपर्छ । माग व्यवहारिक, निश्चित् र स्पष्ट हुनुपर्छ। जस्तै: किसानको समस्या समाधानका लागि नेपाल सरकारविरुद्ध आन्दोलन। आन्दोलनको यो सही संरचना होइन, किनभने आन्दोलनको माग, लक्ष्य र पक्षहरू (कसको विरुद्ध, समाधान कसले दिने ?) स्पष्ट र निश्चित छैनन्। तर 'प्रत्येक किसानले माघ महिनाभित्रै गहुँ खेतीका लागि ४ बोरा मलखाद उपलब्ध गरून् भनेर जिल्ला प्रशासन कार्यालय घेराऊ गर्नु' यो आन्दोलनको उपयुक्त सूत्रीकरण हो।

अर्को कुरा, आन्दोलनलाई सफल बनाउन सबैभन्दा पहिले आन्दोलनकारीहरु आशावादी हुनुपर्छ । त्यसैगरी आन्दोलनलाई सफल बनाउन *सर*कारी अधिकारीको सहयोग र जनताको सहानुभूतिको पनि आवश्यक हुन्छ । यसका साथै संगठन वा आन्दोलनका लागि स्रोतसाधनको आवश्यकतालाई पनि नकार्न सकिँदैन ।

(डा. सी. के. राउतद्वारा लिखित् अर्को पुस्तकबाट अनुबाद)